का. जि. का. दर्ता नं : १०४/०५७/०५८
म. क्षे. हु. नि. दर्ता नं : ०८/०६७/०६८

अपाङ्ग आवाज
DISABILITY VOICE

वर्ष १५, अङ्क १२, पूर्णाङ्क १८४, २०७३ चैत

सल्लाहकार
तारा वदन सेडाई
प्रकाश पन्थ

सम्पादक
सुदर्शन सुवेदी

संयोजक
जगदीशप्रसाद अधिकारी

व्यवस्थापक
शर्मिला विश्वकर्मा

पत्रकार
गणेश सुवेदी

स्थानीय प्रतिनिधि
विवेक खड्का
विष्णु शर्मा
दल बहादुर सुनार
मदन पौडेल
संगीता पौडेल

लेआउट/डिजाइन/बजार प्रतिनिधि
सुनिल वि. क.

कभर डिजाइन
Creative
Kamaladi, Kathmandu PH: 9851115202

मुद्रक
सनराइज अफसेट प्रेस
डिल्लीबजार, काठमाण्डौं

प्रकाशक
नेपाल अपाङ्ग मानव अधिकार केन्द्र
केन्द्रिय कार्यलय
नयाँ बस्ती, गगननगर चोक, काठमाण्डौं,
पो. ब. नं: १९४०८
फोन: ०१ ४९११०९२ ४९११०६९
Email: dvoice@dhrcnepal.org.np
Web: www.dhrcnepal.org.np

संस्थागत सहयोग रु. १००/-

यसभित्र

श्रवण दृष्टिविहिन अपाङ्गता र अभिभावकका चुनौती ४

स्थानिय निर्वाचनमा अल्पसंख्यक र अपाङ्गताको प्रतिनिधित्वको सवाल १६

आय-आर्जनबाट लाभान्वित बन्दै दाङ्ग जिल्लाका सिउप्रसाद चौधरी र तारा पुरी २०

राष्ट्रिय अपाङ्ग महासंघ नेपालकी उपाध्यक्ष टिका दाहाल सम्मानित २६

आय-आर्जन सम्बन्धी जानकारी एवं समीक्षा कार्यक्रम ३६

सकारात्मक सोचको विकासको लागि सहयोग गरेको छ ।

सम्पादक ज्यू नमस्कार ।

म यो अपाङ्ग आवाज मासिक पत्रिकाको नियमित पाठक हुँ । मलाई यो अपाङ्ग आवाज मासिक पत्रिका अति नै ज्ञान वर्द्धक र उपयोगी लाग्दछ । त्यसैले म यो पत्रिका नियमित पढ्ने गर्दछु । हाम्रो समाजमा आज पनि अपाङ्गता भएका व्यक्तिहरूलाई नकारात्मक रूपमा हेर्ने र पूर्व जन्मको पापको रूपमा लिने गरिन्छ । अपाङ्गता भएका व्यक्तिहरूको संवेदनशीलता लाई बुझ्ने प्रयास गरेको पाइँदैन । यो समस्या विशेष गरी सहरी क्षेत्रमा भन्दा पनि ग्रामीण क्षेत्रमा व्यापक रहेको अवस्था छ । यस्तो अवस्थामा यो अपाङ्ग आवाज मासिक पत्रिकाले समाजमा रहेका केही त्यस्ता व्यक्तिहरूको मानसपटलमा चेतनाको दियो बाल्न सहयोग गर्दछ । हाम्रो गाउँका केही व्यक्तिहरूले पनि यो पत्रिका अध्ययन गर्ने अवसर पाउनु भएको थियो । जसले उनीहरूले अपाङ्गताको बारेमा नकारात्मक सोच राख्न नहुने रहेछ । कुनै पनि समयमा जो पनि अपाङ्गता बन्न सकिने प्रबल सम्भावना भएको कुराको अनुभूति गर्नु भएको पनि पाए । त्यसैले आगामी दिनहरूमा यो पत्रिकाले यसरी नै समाजमा रहेका अपाङ्गता भएका व्यक्तिहरू प्रति सकारात्मक सोचको विकासको लागि सहयोग गरोस् मेरो शुभकामना व्यक्त गर्दछु ।

पुनम कार्की , कास्की ।

यो पत्रिका सिडिमा रेकर्ड गरी उपलब्ध गराइ दिनु होला ।

सम्पादक ज्यू नमस्कार ।

यो पत्रिकाले नेपालमा रहेका सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूका आवाजहरूलाई उजागर गर्न अति आवश्यक छ । यो पत्रिका उत्कृष्ट भएर पनि दृष्टिविहिन व्यक्तिहरूले भनेको समयमा पढ्न नपाउने अवस्था छ । यो पत्रिका विभिन्न समयमा मेरो हाता परेको छ तर पढि दिने सहयोगीको अभावमा मैले यसलाई अध्ययन गर्न पाएकी छैन । त्यसैले यो पत्रिका सिडिमा रेकर्ड गरि दिने हो भने हामीले सहज रूपमा अध्ययन गर्न सक्ने थियौ । आगामी दिनमा अपाङ्ग आवाज प्रेमी दृष्टिविहिन व्यक्तिहरूको समस्यालाई मनन गर्दै सि.डी.मा उपलब्ध गराउने प्रयास गरियोस् ।

विनय कार्की, रामेछाप ।

ग्रामीण क्षेत्रहरूमा पनि यो पत्रिका पठाउनु होला

आदरणीय अपाङ्ग आवाज परिवारमा मेरो तर्फबाट नमस्कार । मलाई यो अपाङ्ग आवाज मासिक पत्रिकाको बारेमा केही पनि थाहा थिएन । केही समय अगाडि पढ्ने अवसर पाए । म आफू अपाङ्गता भएर पनि यो आफ्नो पत्रिका पढ्न पाएको छु । नेपालका सबै ग्रामीण क्षेत्रहरूमा नियमित रूपमा नपुगेको कारणले गर्दा यो पत्रिका हामीले पढ्न नपाएका हौं । त्यसैले यो पत्रिकालाई कसरी हुन्छ सबै क्षेत्रमा पुऱ्याउने कोसिस गरियोस् भन्न चाहन्छु । धन्यवाद ।

आकृति पोखरेल, पाल्पा

विश्व डाउन सिण्ड्रोम दिवस सम्पन्न

हरेक वर्ष जस्तै यस वर्ष पनि डाउन सिण्ड्रोम समाज नेपालको आयोजनमा "मेरो आवाज : मेरो समुदाय" भन्ने नारा सहित १२ औ विश्व डाउन सिण्ड्रोम दिवस विभिन्न कार्यक्रमको आयोजना गरि सम्पन्न भयो । यो विश्व डाउन सिण्ड्रोम दिवसका अवसरमा काठमाण्डौंको रत्नपार्कको शान्ति वाटिकाबाट जनचेतना मूलक र्‍यालीको आयोजना गरिएको थियो । उक्त र्‍याली जमल, लैनचौर हुँदै समाज कल्याण परिषदमा गएर विभिन्न व्यक्तिहरूको मन्तव्य पश्चात् समापन भएको थियो । मानिसको शरीरको प्रत्येक कोषमा ४६ वटा क्रोमोजोमहरू २३ जोडीमा मिलेर रहेका हुन्छन् । ती क्रोमोजोमहरू मध्ये एक क्रोमोजोम बढि अर्थात् ४७ वटा क्रोमोजोम भएमा व्यक्तिमा डाउन सिण्ड्रोम हुने गर्दछ । डाउन सिण्ड्रोममा क्रोमोजोमको २१ औं जोडीमा ३ वटा क्रोमोजोम रहने र मार्च २१ को दिनमा पनि ३ र २१ रहने भएकोले यो दिनलाई विश्व डाउन सिण्ड्रोम दिवसका रूपमा मनाउन थालिएको पाइन्छ । डाउन सिण्ड्रोम भएका बालबालिकाहरूको धेरैजसोको अनुहार एउटै देखिने हुन्छ । नेपालमा रहेका धेरै जसो यस्ता व्यक्तिहरू अन्य व्यक्तिहरूको तुलनामा पछाडी पारेको पाइन्छ । उनीहरूले आफ्नो क्षमता अनुसारको शिक्षा लिने अवसरबाट वञ्चित भएका छन् भने राज्यले उपलब्ध गराउने सेवा सुविधाको पनि सहज रूपले उपयोग गर्न पाएका छैनन् । वर्षमा एक पटक भए पनि विश्व डाउन सिण्ड्रोमको क्रममा गरिने पद यात्रा र्‍याली, नारा तथा विभिन्न कायकर्महरूको माध्यमले उनीहरूको बारेमा केही मात्रमा भए पनि चेतना जगाउने काम गरेको पाइन्छ । त्यसैले राज्यले उनीहरूको क्षमता अनुसारको सीप तथा अन्य सेवा सुविधाको व्यवस्था गर्नु पर्ने आवश्यकता छ । अन्य व्यक्तिहरूको तुलनामा डाउन सिण्ड्रोम भएका व्यक्तिहरू बाहिर आउन सकेका छैनन् । उनीहरूले आफ्नो क्षमता अनुसारको शिक्षा लिन पनि पाएका छैनन् । यसको साथै यस्ता व्यक्तिहरू र उनीहरूका घर परिवारलाई समाजमा सकारात्मक दृष्टिकोणले पनि हेरेको पाइँदैन । उनीहरूको क्षमता अनुसारको तालिम दिने हो भने डाउन सिण्ड्रोम भएका व्यक्तिहरूले मनोरञ्जनको क्षेत्रमा नृत्य प्रस्तुत गर्न सक्दछन् । घरको काममा सहयोग गर्न सक्दछन् । आगामी दिनमा यस्ता व्यक्तिहरूको हक हित र अधिकारका लागि सबै संघ संस्थाहरू मिलेर काम गर्नु पर्ने र राज्यले उनीहरू मैत्री वातावरणको सृजना गर्न जरुरी देखिन्छ । त्यसैले आगामी दिनमा विश्व डाउन सिण्ड्रोम दिवस दिवसमा मात्र सिमित नभएर सार्थकता दिन सकोस् ।

श्रवण दृष्टिविहिन अपाङ्गता र अभिभावकका चुनौती

नेपाल सरकारको परिभाषा अनुसार ७ प्रकारका अपाङ्गता भएका व्यक्तिहरू मध्ये श्रवण दृष्टिविहिन अपाङ्गता पनि एक हो । श्रवणदृष्टिविहिन व्यक्तिहरू कान सुन्न र आँखा पनि देख्न सक्दैनन् । श्रवणदृष्टिविहिन जन्मजात वा जन्म पश्चात् पनि हुने गर्दछ । अन्य अपाङ्गता भएका व्यक्तिहरूको तुलनामा यस्तो प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको अवस्था ज्यादै नाजुक रहेको पाइन्छ । उनीहरू आफ्ना हरेक क्रियाकलापहरू आफै सम्पन्न गर्न सक्दैनन् । श्रवणदृष्टिविहिन व्यक्तिहरूको दैनिक क्रियाकलाप देखि लिएर उनीहरूको स्याहार सुसार, सरसफाइ लगायतका सबै काम गर्नको

घर परिवारले नै विशेष ध्यान दिनु पर्दछ

मेरो छोरा मधुशुधन भट्टराई हाल १४ वर्षको भयो । उ जन्मजात नै आँखा नदेख्ने, कान पनि नसुन्ने र बोल्न पनि नसक्ने भएको हो । मेरो बच्चामा यस्तो समस्या भएको कुरा हामीलाई छोरा ४ वर्षको हुदा मात्र थाहा भयो । छोरामा यस्तो प्रकारको अपाङ्गता भएको कारण हामीले सामाजिक रूपमा धेरै चुनौतिहरुको सामना गर्न परेको छ । जसले गर्दा मेरो छोरा र हामी घर परिवारले पनि धेरै पीडाको सामना गर्न पऱ्यो । केही समय मैले मेरो छोरालाई उसका दैनिक क्रियाकलापहरू गराउन सिकाए । जसको कारण अहिले उसले आफै खाना खाने, शौचालय जान र हात समातेर हिड्न सक्ने भएको छ तर उसले देख्न, सुन्न र बोल्न सक्दैन । मेरो छोराको दैनिक क्रियाकलापमा पहिलाको तुलनामा धेरै सकारात्मक परिर्वतनहरु भएको छ । यस्ता बालबालिकाहरुलाई सर्व प्रथम त घर परिवारले नै विशेष ध्यान दिनु पर्दछ । उनीहरुलाई आवश्यक पर्ने कामहरु सिकाउनु पर्दछ । तर पनि श्रवण दृष्टिविहिन भएका बालबालिकाहरुले दैनिक क्रियाकलाप देखि लिएर हरेक कार्यमा समस्याको सामना गर्न पर्ने अवस्था छ किनकी हाम्रो समाजमा उनीहरु अनुकूलको वातावरण छैन, उनीहरुको समस्या तथा चुनौतीको विषयमा अधिकांशलाई जानकारी नै छैन । त्यसैले सर्व प्रथम हामीले यस्ता बालबालिकाहरुको लागि आफै जाकरुक भएर उनीहरुलाई जिउन सिकाउन जरुरी छ । यस विषयमा नेपाल सरकारको ध्यान त्यति गएको पाइदैन । यस्ता बालबालिकाहरुको जीवन यापन तथा पुनर्स्थापनाको लागि नेपाल सरकारले विभिन्न कार्यक्रमहरु ल्याउन जरुरी छ ।

सम्झना भट्टराई, नवलपरासी,
अभिभावक

लागि जति बेला पनि एकजना सहयोगीको आवश्यकता हुन्छ । यस्ता व्यक्तिहरूमा कुनै त अरूको सहयोग बिना हिँडडुल गर्न पनि सक्दैनन् । जसको कारण समाजमा हुने हरेक क्रियाकलापमा उनीहरू पछाडी परेका हुन्छन् । श्रवणदृष्टिविहिन व्यक्तिहरूलाई सर्व प्रथम त उनीहरूका दैनिक क्रियाकलापहरू जस्तै लुगा लगाउने, खान खाने, शौचालय गएर दिशा पिसाब गर्न, चप्पल लगाउन लगायतका सामान्य

धेरै कठिनाईको सामना गर्न परेको छ

मेरा ३ जना छोरा र १ जना छोरी गरि ४ जनाको सन्तान मध्ये माइलो र कान्छो छोरा दुबै जना श्रवण दृष्टिविहिन छन् । म सामन्य परिवारको मान्छे विहान बेलुका काम नगरि खान पुग्दैन । २० र १८ वर्षे दुबै छोराहरु श्रवण दृष्टिविहनि भए पछि हामीले सामाजिक तथा आर्थिक रुपमा धेरै कठिनाईको सामना गर्न परेको छ । यीनीहरुलाई यत्तिकै एक्लै घरमा छोड्न मिलेन । उनीहरुलाई जति बेला पनि सहयोगीको आवश्यक हुने हुन्छ । उनीहरुलाई हेरचाह गरेर बस्यो भने काम गर्न जान पाइदैन काम नगरेर खान पाइदैन । उनीहरु आफै खाना खान, लुगा लगाउन, सरसफाई गर्न लगाएतका कुनै पनि दैनिक क्रियाकलापहरु गर्न सक्दैनन् । मेरो दुबै छोराहरु श्रवण दृष्टिविहिन भएको कारण समाजमा उनीहरुलाई हेर्ने दृष्टिकोण पनि सकारात्मक छैन । पूर्व जन्मको पापको कारण यस्तो भएको भनेर कुरा काट्ने गर्दछन् । घरको एक जना सदस्य उनीहरुकै हेरचाहको लागि बस्नु पर्दा आर्थिक अवस्था ज्यादै कमजोर रहेको छ । आज भन्दा ५ वर्ष अगाडि बहिरा दृष्टिविहीन अभिभावक समाज काठमाण्डौंले यस्ता बालबालिकाहरुलाई दैनिक क्रियाकलापहरु आफै गर्न सक्ने तालिम दिएको थियो । त्यो तालिम त्यो समयमा ज्यादै प्रभावकारी भएको थियो तर त्यो कार्यक्रमलाई सरोकारवाला निकायहरूले त्यति चासो नदिएको कारण त्यो तालिम निरन्तर सञ्चालन हुन सकेन । अहिले पनि यस्ता बालबालिकाहरु र अभिभावकहरुको लागि यस्ता तालिमहरुको आवश्यक छ । यस विषयमा नेपाल सरकार तथा अन्य सारेकारवाला निकायहरुले ध्यान दिन जरुरी छ ।

हरी नेपाली, भक्तपुर, नङ्खेल गा.वि.स. अभिभावक

भन्दा सामान्य कुराहरू सिकाउन जरुरी छ । श्रवणदृष्टिविहिनता जन्म पश्चात् र जन्मजात पनि हुने गर्दछ । जन्म पश्चात् भन्दा पनि जन्मजात श्रवणदृष्टिविहिन हुने व्यक्तिहरूले बढि समस्याको सामना गर्न परेको अभिभावकहरू बताउनु हुन्छ । विश्व स्वास्थ्य संगठनका अनुसार प्रत्येक १० हजार

भनेर श्रवणदृष्टिविहिन भएका व्यक्तिहरूका अभिभावकद्वारा वि. सं. २०६२ सालमा बहिरा दृष्टिविहिन समाज काठमाण्डौं नामक संस्थाको स्थापना भएको छ । संस्था स्थापना पछि सन् २००५ देखि सन् २०१२ सम्म विदेशी संघ संस्थाहरूको सहयोगमा यस्ता व्यक्तिहरूका लागि दैनिक जीवनका क्रियाकलापहरू सिकाउने तालिम प्रदान गरिएको थियो । विदेशी संस्थाहरूको सहयोग आउन छोडे पछि अन्य कुनै निकायको सहयोग नहुँदा त्यो तालिम पनि बीचमा नै छाड्न पर्‍यो । आज ती अपाङ्गता भएका व्यक्तिहरू दैनिक

व्यक्तिहरू मध्ये १ जनामा श्रवणदृष्टिविहिनता हुने गरेको भनिएको छ । सो भनाइलाई आधार मान्ने हो भने नेपालमा श्रवणदृष्टिविहिन व्यक्तिहरूको संख्या ३० हजार रहेको अनुमान गर्न सकिन्छ । तर नेपालमा यस्ता व्यक्तिहरूको संख्या कति छ भन्ने कुराको खोजी नै भएको पाइँदैन । श्रवणदृष्टिविहिन व्यक्तिहरूको लागि काम गर्ने

जीवनमा प्रयोग हुने कुराहरूको तालिम नहुँदा त्यो समयमा सिकेको कुरालाई पनि बिर्सन थाले र उनीहरूका हरेक कार्यहरूमा सहयोगीको आवश्यक हुन थाल्यो । यस्ता व्यक्तिहरूको लागि सरोकारवाला निकायहरूले आवास सहितको तालिम केन्द्र सञ्चालन गर्नको लागि सहयोग गर्नु पर्ने श्रवणदृष्टिविहिन अपाङ्गता

हामीलाई समाजमा नकारात्मक दृष्टिकोणले हेर्ने गर्दछन्

मेरो १५ वर्षको छोरा शौरभ थापा श्रवण दृष्टिविहिन छ । २८ हप्ताको गर्भ शल्यक्रिया गरेर जन्माएको यो छोरालाई कान्तिबाल अस्पतालमा ४ महिना सम्म आइ.सि.यु. मा राखेर उपचार गरियो । पछि श्रवण दृष्टिविहिन हुन पुग्यो । उसले आज आफ्नो लागि कुनै पनि काम आफै गर्न सक्दैन । विस्तारै उसको उमेर बढ्दै गएता पनि त्यो समयमा यस्ता बालबालिकाहरुलाई दैनिक क्रियाकापहरु सिकाउने व्यवस्था थिएन जसको कारण मेरो छोरा सहित हामी घर परिवारहरुले पनि विभिन्न सामाजिक चुनौतिहरुको सामना गर्न पर्‍यो । अहिले पनि हामीलाई समाजमा नकारात्मक दृष्टिकोणले हेर्ने गर्दछन् । पूर्व जन्मको पापको कारण यस्तो बच्चा जन्मिएको भन्छन्, कुरा काट्छन् । उ आँखा देख्न, कान सुन्न र बोल्न सक्दैन । आफै हिड्न पनि सक्दैन । २४ सै घण्टा एक जना उसको साथमा हुनु पर्दछ । यस्तो भए पछि हामीले कसरी कमाएर खाना खुवाउने ? कतै दिवा सेवा केन्द्रमा राखेर काममा जाउँ भने पनि उनीहरुको बारेमा खास जानकारी नभएको कारण ती दिवा सेवा केन्द्रहरुले पनि यस्ता बालबालिकाहरुलाई राख्दैनन् । कुनै संघ संस्थासँग सहयोग माग्दा उसको लागि हेर्ने हामीसँग कुनै माध्यम नभएको कारण हामी सक्दैनौ भन्नु हुन्छ । सरकारले यस्ता अपाङ्गता भएका व्यक्तिहरुको लागि उनीहरु अनुकूलको तालिमको व्यवस्था गर्नुको साथै दिवा सेवा केन्द्रको स्थापना गरिदिएमा दिनभरी उनीहरुलाई त्यो दिवा सेवामा राखेर हामीले काम गर्न पाउने थियौ । यो वियषयमा कस्ले सोच्ने ? यस्ता व्यक्तिहरुको लागि सार्वजनिका यातायातमा पनि उत्तिकै समस्या छ । अपाङ्गता परिचय पत्र क वर्गाको बनाएता पनि उसले सामाजिक सुरक्षा भत्ता बाहेक राज्यबाट केही सुविधा पनि पाएको छैन । यस्ता बालबालिकाको लागि नेपाल सरकारले छिटो भन्दा छिटो ध्यान दियोस् भन्न चाहन्छु ।

गोमा थापा, अभिभावक, नयाँबानेश्वर, काठमाण्डौं

भएका व्यक्तिहरूको लागि काम गर्ने भनेर बहिरा दृष्टिविहिन समाज काठमाण्डौंको स्थापना भए पनि अपाङ्गताको क्षेत्रमा काम गर्ने अन्य विभिन्न संघ संस्थाहरूले पनि उनीहरूका सवालहरूलाई उठाउँदै आएका छन् । यसरी नै

अब उनीहरूको दैनिक क्रियाकलापको साथै शिक्षा, स्वास्थ्य, तालिम केन्द्र लगायतका विषयमा पनि सरोकारवाला निकायले विशेष ध्यान दिन जरुरी छ । श्रवण दृष्टिविहिन अपाङ्गता भएका व्यक्तिहरूको लागि सरोकारवाला निकायहरूले काम गर्नु पर्ने, त्यही अनुसारको तालिम उपलब्ध गराएमा श्रवण दृष्टिविहिन अपाङ्गता र उनीहरूका अभिभावकहरूको जीवन सहज हुने थियो। बहिरा दृष्टिविहिन समाज काठमाण्डौंले प्रत्यक्ष रूपमा जन्मजात श्रवणदृष्टिविहिन भएका २२ जना व्यक्तिहरूको लागि काम गरेको छ भने उक्त संस्थामा ३० जनाको तथ्याङ्क रहेको छ। त्यसै गरी सोही संस्थाका अनुसार जन्म पश्चात् श्रवणदृष्टिविहिन हुनेहरूको संख्या २०५ रहेको छ भने बाँकी श्रवणदृष्टिविहिन अपाङ्गता भएका व्यक्तिहरूको पहिचान नै हुन सकेको छैन । जसले गर्दा उनीहरूका अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरूले उनीहरूका सवालका बारेमा आवाज उठाएता पनि वृहत् रूपमा उनीहरूका लागि भनेर कुनै कार्यक्रमहरू ल्याइएको पाइँदैन । अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धिको धारा ९ मा पहुँचयुक्तता धारा २० मा व्यक्तिगत गमनशिलता, धारा २१ मा विचार

उनीहरुको जीवन यापनको लागि विभिन्न कार्यक्रमहरु ल्याउन जरुरी हुन्छ

मेरो १७ वर्षको कान्छो भाई श्रवण दृष्टिविहिन हो । उ कान पनि सुन्दैन र आँखा पनि देख्दैन । जन्मेको ४ दिनमा उसले आँखा देख्न सक्दैन भन्ने कुरा घर परिवारमा जानकारी भयो भने कान नसुन्ने भन्ने कुरा ३ महिनाको भए पछि थाहा भयो । उसको लागि जतिवेला पनि एक जना सहयोगी आवश्यक हन्छ । उ सानै हुदा त ठिकै थियो तर उमेर बढ्दै जादा भाई लगाएत घर परिवारका अन्य सदस्यहरुले पनि विभिन्न समस्याहरुको सामना गर्न परेको छ । यस्तो प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको लागि घर परिवार तथा अभिभावकहरुको साथ र सहयोगको आवश्यक पर्दछ । उनीहरुको जीवन यापनको लागि विभिन्न कार्यक्रमहरु ल्याउन जरुरी हुन्छ । तर आज सम्म हामी अभिभावक बाहेक सरकारी स्तरबाट त्यस्तो कुनै उपलब्धि मुलक कार्यक्रम सञ्चालन गर्न सकिएको छैन । केही समय पहिला हामी अभिभावकहरु मिलेर यस्ता व्यक्तिहरुको जीवन यापनको लागि केही तालिमहरु सञ्चालन गरेका थियौ । अब पनि उक्त तालिमम सञ्चालन गर्न सकेमा उनीहरुको जीवन यापनमा केही सहजता हुने थियो । यस्ता अपाङ्गता भएका व्यक्तिहरु तथा अभिभावकहरुलाई नेपाल सरकार महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले अभिभावक, शिक्षकलाई तालिम दिने, दिवा सेवा सञ्चालन गर्ने, छात्रावासको लागि काम गर्न जरुरी छ । यो कार्यक्रमा अरु मन्त्रालय तथा संघ संस्थाहरुको पनि साथ र सहयोग हुनु पर्दछ । त्यसै गरी नेपाल सरकारले पूर्ण तथा अति असक्त अपाङ्गता भएका व्यक्तिहरुलाई उनीहरुको सहयोगी सहित सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने भन्ने फैसला गरेको छ । त्यो फैसला जति सक्दो छिटो कार्यन्वयन हुन जरुरी छ ।

कृष्णहरी नेपाल, काभ्रे, श्रवण दृष्टिविहिनको भाई

अभिभावक तथा शिक्षक शिक्षिकाह्रुलाई तालिम उपलब्ध गराउन जरुरी छ

मेरो छोरा निश्चल वि. क. श्रवण दृष्टिविहीन छ । उ अहिले १२ वर्षको भयो । छोरा श्रवण दृष्टिविहिन भएको उ जन्मेको ३ महिना पछि मात्र हो । यसले आफै केही पनि गर्न सक्दैन । आफै खान खान जान्दैन हामीले नै खुवाइदिनु पर्दछ । सरसफाई गरिदिनु पर्दछ । सामान्य कुराहरु पनि केही जान्दैन । तर पनि मैले यसलाई छुवाएर आफ्ने काम आफै गर्न सिकाउछु । शौचालय जान सिकाएकी छु । छोरा श्रवण दृष्टिविहिन भए पनि मैले मेरो श्रीमान र घर परिवारको राम्रो साथ र सहयोग पाएको छु । तर समाजमा भने हामीलाई आमा बुवाको पापले यस्तो छोरा बच्चा जन्मियो भन्छन् । मेरो छोरालाई हेरेर विचरा भन्छन, खाने कुरा ल्याएर दिन्छन् छोरा अपाङ्ग भए पनि हामीले काम गरेर भए पनि खान त पुऱ्याएका छौ यस्तो व्यवहार गर्दा अलि मन दुख्छ । नेपाल सरकारको तर्फबाट मेरो छोराले क वर्गको अपाङ्गता परिचय पत्र बनाएको छ र सामाजिक सुरक्षा भत्ता बाहेक अरु कुनै पनि सहयोग पाएको छैन । यस्ता अपाङ्गता भएका व्यक्तिहरुको लागि नेपाल सरकारले उनीहरुको लागि अभिभावक तथा शिक्षक शिक्षिकाहरुलाई तालिम उपलब्ध गराएर उनीहरुको लागि जीवन उपयोगी तालिम सिकाउने व्यवस्था गरिदिएमा राम्रो हुने थियो । यसका साथै उनीहरुको लागि दिवा सेवा केन्द्रको पनि आवश्यक छ। यस विषयमा नेपाल सरकारको ध्यान जान सकोस भन्ने चाहन्छु ।

उमा वि.क. अभिभावक,
सर्लाही

अभिव्यक्तिको स्वतन्त्रता तथा सूचनामा पहुँच हुने व्यवस्था गरिएता पनि उनीहरूको लागि आज सम्म कुनै काम हुन सकेको छैन। यस विषयमा सरोकारवाला निकायले विशेष ध्यान दिन जरुरी छ। श्रवणदृष्टिविहिन अपाङ्गता भएका व्यक्तिहरूको लागि राज्य तथा समाजमा भएका अन्य सरोकारवाला निकायहरूले पनि

उनका सबैकामहरु अभिभावकले नै गरिनु पर्दछ

मेरो ४ जना छोरा छोरी, श्रीमती र म गरेर ६ जनाको परिवार छ । मेरो दोस्रो सन्तान छोरी उनी १६ वर्षकी छिन । २ वर्षको भए पछि श्रवण दृष्टिविहिन भएको थाहा भयो । गाँउमा छोरीलाई हेला घृणा गरेको कारण मैले आफ्ना छोरा छोरी सहित काठमाण्डौं आएर भक्तपुरमा जग्गा भाडामा लिएर बस्न थाले । हाल काँडाघारीमा जग्गा भाडामा लिएर कुखुरा पालन गर्ने, गाई पाल्ने, खेतीपाति गर्ने काम गर्दछु । यहाँ आए पछि उनलाई आँखा अस्पताल लगेर आँखाको जाँच गरे पछि पहिलाको तुलनामा केही मात्रमा देख्न सक्ने भएकी छिन् भने बोल्न सक्दिनन् । अहिले उनी हिड्डुल गर्न पनि सक्दिनन् । साथै उनका सबैकामहरु अभिभावकले नै गरिनि पर्दछ । आफै केही गर्न सक्दिनन् । पछि बहिरा दृष्टिविहीन अभिभावक समाज काठमाण्डौंको सम्पर्कमा आए पछि त्यहाँका सरहरु तथा म्यामहरुले यस्ता बालबालिकाहरुलाई कसरी आफ्ना कामहरु गर्न सिकाउने, भन्ने बारेमा जानकारी दिनु भयो र अहिले उनको दैनिक कार्यमा केही सुधार भएको छ । छोरी यस्तो अपाङ्गता भएको कारण एक जनाले त उनलाई छोड्न नै मिल्दैन । नेपालका सरकारको तर्फबाट क वर्गको अपाङ्गता परिचय पत्र बनाएको भए पनि कुनै सेवा सुविधा पाएकी छैनन् । यस्ता बालबालिकाहरुको लागि नेपाल सरकारकाले नै एक जना सहयोगीको व्यवस्था गरिदिएमा राम्रो हुने थियो । साथै यस्ता बालबालिकाहरुको लागि तालिम प्राप्त शिक्षक शिक्षिकाहरु उत्पादन गरेर दैनिक क्रियाकलाप गर्न सक्ने कार्यक्रम ल्याएमा राम्रो हुने थियो । हामी अभिभावक पछि यी बालबालिकाको भविश्यको लागि पुर्नस्थापना केन्द्रको स्थापना गर्न तर्फ पनि सरकारले चासो दिएमा राम्रो हुने थियो ।

सुर्यबहादुर खड्का, अभिभावक, ओखलढुङ्गा, गामलुङटार गा.विस.,हाल काँडाघारी

उनीहरूका समस्याको बारेमा गुनासो सुन्नुका साथै यो समस्या समाधानको लागि के गर्न सकिन्छ, समस्या समाधान नभएता पनि उनीहरूको जीवन यापनको लागि के कस्ता उपायहरू सञ्चालन गर्न सकिन्छ भन्ने विषयलाई केन्द्रित रहेर काम गर्न

सहयोगीको व्यवस्था गर्न जरुरी छ

हाम्रो समाजमा विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरु मध्ये श्रवणदृष्टिविहिन अपाङ्गता भएका व्यक्तिहरु पनि रहेका छन् । अन्य व्यक्तिहरु जस्तै श्रवणदृष्टिविहिन अपाङ्गता भएका व्यक्तिहरुलाई २४ सैं घण्टा सहयोगीको आवश्यकता पर्दछ । सहयोगी विना उनीहरुको जीवन अपुरो हुन्छ । त्यसैले यस्ता बालबालिकहरुलाई विभिन्न सरोकारवाला निकायहरुले उनीहरुका पुनर्स्थापनाका लागि काम गर्न जरुरी छ । श्रवण दृष्टिविहिन अपाङ्गता भएका व्यक्तिहरुको लागि उनीहरुको जीवन यापनको लागि नेपाल सरकारले एक जना सहयोगीको व्यवस्था गर्न जरुरी छ । साथै यस्ता व्यक्ति र उनीहरुका अभिभावकहरुलाई जीवन उपयोगी तालिमको पनि व्यवस्था गर्नु पर्दछ । यो तालिम अन्त्रगत यी व्यक्तिहरुलाई खाना खान, लुगा लगाउन, सरसफाई गर्ने लगाएतका दैनिक क्रियाकलापहरु आफै गर्न सक्ने तालिम दिन जरुरी छ । श्रवण दृष्टिविहिन भएका अपाङ्गता भएका व्यक्तिहरुलाई सरकारी तथा गैर सरकारी निकायहरुबाट र अपाङ्गताको क्षेत्रमा तथा अन्य क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरुले विशेष कार्यक्रम सञ्चालन गर्न सकेमा उनीहरुको जीवन यापनमा केही सहजता हुने थियो । यो विषयमा सबैको ध्यान जान जरुरी देखिन्छ ।

अनिता अधिकारी, प्रमुख महिला विकास अधिकृत, महिला तथा बालबालिका कार्यलय, काठमाण्डौं

यस्ता बालबालिकाहरुको जीवन कठिन पूर्ण रहेको छ

श्रवण दृष्टिविहीन भएका व्यक्तिहरुको हक अधिकार सुनिश्चित गर्दै तिनका अभिभावकलाई समेत क्षमता अभिवृद्धि गराई समाजमा पुनर्स्थापना गर्ने भन्ने उद्‌देश्यले हामीले वि.स. २०६२ सालमा बहिरा दृष्टिविहीन अभिभावक समाज नामक संस्थाको स्थापना गरेका हौ । सन् २००५ देखि २०१२ सम्म श्रवण दृष्टिविहीन भएका बच्चाहरु, व्यक्तिहरु र अभिभावकहरुलाई तालिम दिने, यस्ता बच्चाहरुलाई दैनिक जीवनका क्रियाकलापका कुराहरु सिकाउने गर्यौं । त्यो तालिम पछि उनीहरु खाना खानु पर्दछ, भोक लाग्यो, दिशा पिसाब लाग्यो, शौचालय जानु पर्दछ भन्ने लगाएतका कुराहरु तालिमबाट सिकेका थिए । पछि हाम्रो आर्थिक अभावको कारण उक्त तालिमलाई निरन्तरता दिन सकेनौ र आज यस्ता बालबालिकाहरुको जीवन कठिन पूर्ण रहेको छ । संस्था स्थापना गरे पछि हामीले अभिभावक लगाएत समाजमा रहेका अन्य व्यक्तिहरुलाई श्रवण दृष्टिविहीन व्यक्तिहरुको समस्या, उनीहरुका चुनौतीहरुको बारेमा चेतना जगाउने काम गरेका छौ । आगामी दिनमा पनि यस्ता बच्चाहरुको पहिचान तथा खोजी गर्ने र उनीहरुको लागि काम गर्ने गर्दछौ । यस्ता व्यक्तिहरुलाई समाज तथा घर परिवारमा नै पुनर्स्थापना गर्नको लागि सरकारले दैनिक क्रियाकलाप सञ्चालन गर्नको लागि तालिम केन्द्रको व्यवस्था गर्न, आवास सहितको तालिम केन्द्र सरकारी स्तरमा खोल्न, जनशक्तिको विकास गर्नु पर्ने, परिवार सहयोगी कार्यक्रम ल्याउन आवश्यक छ । यस्ता बालबालिकाहरुको लागि हाम्रो संस्थाको आगामी योजना चेतना जगाउने, तालिम केन्द्र सञ्चालन गर्ने रहेको छ । यस कार्यको लागि अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिनन संघ संस्था र नेपाल सरकारको साथ र सहयोगको जरुरी छ ।

सकेमा केही मात्रमा भए पनि श्रवण दृष्टिविहिन अपाङ्गता भएका बालबालिका तथा उनीहरूका अभिभावकहरूमा केही राहत हुने थियो । यस्ता बालबालिकाहरूको लागि दिवा सेवा केन्द्रको स्थापना गर्न सकेमा दिन भरी यी बालबालिकाहरू लाई उनीहरूका

मदन महर्जन, अध्यक्ष, बहिरा दृष्टिविहीन अभिभावक समाज काठमाण्डौं

सर-सलल्लाह सुझाब अनुसार हामीले कार्यक्रम सञ्चालन गर्ने छौ

महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरेको छ । अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरुलाई अपाङ्गता भएका व्यक्तिहरुको क्षेत्रमा काम गर्नको लागि केही सहज होस भनेर अनुदान सहयोग उपलब्ध गराउदै आएको छ भने देशका ७५ वटै जिल्लाहरुमा समुदायमा आधारित पुनर्स्थापना कार्यक्रमहरु सञ्चालन गर्नुको साथै अपाङ्गता क्षेत्रमा काम गर्ने संघ संस्थाहरुको सहकार्यमा सहयोगी सामाग्री निर्माण तथा वितरणको लागि पनि सहयोग गर्दै आएको छ । त्यसैले अब हामीले आगामी दिनमा श्रवण दृष्टिविहिन अपाङ्गता भएका व्यक्तिहरुको दैनिक जीवन यापन तथा उनीहरुका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न जरुरी छ । श्रवण दृष्टिविहिन अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरुले श्रवण दृष्टिविहिन अपाङ्गता भएका व्यक्तिहरुका लागि के कस्ता कामहरु गर्न जरुरी छ भनेर सल्लाह सुझाब दिएमा सो सल्लाह सुझाब अनुसार हामीले कार्यक्रम सञ्चालन गर्ने छौ । त्यसको लागि श्रवण दृष्टिविहिन अपाङ्गता भएका व्यक्तिहरुको क्षेत्रमा काम गर्ने संघ संस्थाहरुले हाम्रो मन्त्रालय तथा सरोकारवाला निकायहरुलाई सल्लाह सुझाब दिन जरुरी छ । कुनै पनि निकायमा श्रवण दृष्टिविहिन अपाङ्गता भएका व्यक्तिहरुको पहुँच पुग्न सकेको छैन । उनीहरुको हक हित र अधिकारको लागि अभिभावकहरुको पैरबी, वकातल तथा सक्रियतामा सहकार्य गरेर काम गर्न जरुरी छ ।

अभिभावकले उक्त दिवा सेवा केन्द्रमा राखेर काम गर्न गएर बिहान बेलुकाको छाक टार्न सहज हुने थियो । यो विषयमा सबैले ध्यान दिन आवश्यक छ ।

भरत शर्मा, उपसचिव, अनुगमन तथा मूल्याङ्कन शाखा, तथा महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय

स्थानिय निर्वाचनमा अल्पसंख्यक र अपाङ्गताको प्रतिनिधित्वको सवाल

प्रकाश पन्थ,
अपाङ्गता अधिकारकर्मी, तनहुँ

अपाङ्गता भएका व्यक्तिहरुले आदिम काल देखी नै देशको हरेक आन्दोलनहरुमा योगदान दिएको कयौ वर्ष वितिसक्दा पनि राजनीतीले अपाङ्गता भएका व्यक्तिहरुको सवाललाई आत्मसात गरेको ०६२/०६३ सालको दोस्रो जन–आन्दोलनको सफलता पछि मात्र हो । वि.स.२०५० साल तिर अधिकारमुखी अवधारणा अनुरुप अपाङ्गता भएका व्यक्तिहरु संगठित हुन थाले र स्वयं आफ्नो अधिकार प्राप्तिको अभियान प्रारम्भ गर्न थाले । अधिकार प्राप्तिको अभियान प्रारम्भ भए देखि नै अपाङ्गता भएका व्यक्तिहरुले मुलुकभरका सबै जसो जिल्लामा ३ सय भन्दा बढी अपाङ्गता भएका व्यक्तिहरुका आफ्नै संस्थाहरु खुल्न थाले । मुलुक भरमा कुल जनसंख्याको १० प्रतिशत अर्थात करिब ३० लाखको हाराहारीमा रहेका अपाङ्गता भएका व्यक्तिहरुका सामाजिक, साँस्कृतिक, आर्थिक, शैक्षिक, स्वास्थ्य र पुनर्स्थापना सम्बन्धी सवाल र अधिकारहरुमा अपाङ्गता अभियान बढी केन्द्रित भए पनि वि.स.०६२/०६३ को आन्दोलनको अग्रस्थानमा नै अपाङ्गता भएका व्यक्तिहरु स्वस्फूर्त रुपमा अगाडि बढे र आन्दोलनरत दलमा आवद्ध अपाङ्गता भएका व्यक्तिहरुले एलायन्स नै बनाएर आन्दोलनमा जुटेका थिए । जिल्ला-जिल्लामा रहेका संस्थाहरुले समेत आन्दोलनमा समर्थन जनाउँदै सरिक भए । यस अघिका विभिन्न आन्दोलनहरुमा अपाङ्गता भएका व्यक्तिहरु राजनैतिक कार्यकर्ताका रुपमा विभिन्न पार्टीको कार्यक्रम वा अभियानमा सहभागिता जनाए पनि अपाङ्गता अधिकार प्राप्तिको अभियानको रुपमा सहभागिता र समर्थन रहेन । पटक-पटक भएका राजनैतिक आन्दोलन र सशस्त्र द्वन्द्वले अपाङ्गता भएका व्यक्तिहरुको संख्या हजारौमा वृद्धि मात्रै गर्‍यो । यो एउटा मानव जीवनको दुर्भाग्यपूर्ण अवस्था थियो । राजनैतिक आन्दोलनमा सक्रिय रहेका र

राजनैतिक आन्दोलनबाट अपाङ्गता भएका धेरै व्यक्तिहरु अपाङ्गता आन्दोलन र अधिकार प्राप्तिका अभियानमा सरिक हुनु भन्दा पनि राहत र क्षतिपूर्तिमा नै अल्झे र राजनीतिले पनि त्यस्ता व्यक्तिहरुलाई राहत र क्षतिपूर्तीमा नै सिमित गरे। फलस्वरुप अपाङ्गता अभियानले राजनैतिक अधिकारका लागि वि.स. ०६२/०६३ को जन–आन्दोलन सम्म पर्खनु प¥यो । वि.स.०६२/०६३ को जन–आन्दोलनको मोर्चामा आवद्ध सबै दलभित्रका अपाङ्गता भएका व्यक्तिहरु र संघ संस्थामा आवद्ध अधिकार प्राप्तिका अभियान्ताहरुको राजधानी केन्द्रित आन्दोलनमा सक्रिय सहभागिता र जिल्ला—जिल्लाको समर्थन र सहभागिताले अधिकार प्राप्तिको अभियानमा झन उत्साहित र आन्दोलित बनायो । यसैको फलस्वरुप वि.स.०६२/०६३ पश्चात प्रमुख दलहरुले भटाभट अपाङ्गता सम्बन्धी भातृसंस्थाको मान्यता प्रदान गर्दै पार्टीको दस्तावेज र विधानमा समेत अपाङ्गता अधिकारको सवाल लेख्न थाले । अपाङ्गता भएका व्यक्तिहरुको छातासंगठन राष्ट्रिय अपाङ्ग महासंघ नेपाल र जिल्ला स्तरका ३ सय भन्दा बढी संस्थाहरु समेतको व्यापक सक्रियतामा नेपालको संविधान २०७२ मा समेत अपाङ्गता भएका व्यक्तिहरुको अधिकार पनि लेखिएको छ र सबै निकाय तथा तहहरुमा हुने समावेशिताको सिद्धान्तले नेपाली अपाङ्गता भएका व्यक्तिहरुमा एकदम ठूलो सफलता र उपब्धिको अनुभूति भएको छ। हाम्रो पनि संविधान, हाम्रो अभियान र हामी पनि राजनैतिक दलका कार्यकर्ता, नेता, अपाङ्गता भएका व्यक्तिहरुको सवालमा विभिन्न पार्टीका विधानदेखि संविधान र त्यसपछि परिमार्जित तथा नयाँ बनेका ऐन, नियम तथा निर्देशिकाहरुमा थुप्रै सवाल र अधिकारमा दस्तावेजीकरण हुने क्रम अगाडि बढिरहेको छ। यो आफैमा सकारात्मक कुरा हो र यसलाई सम्बन्धित सरोकारवालाहरुले र विश्वले नै निकै चाखपूर्ण तवरले नियालिरहेको छ। दस्तावेजीकरणमा हाम्रो मुलुक अगाडि भए पनि कार्यन्वयन र अर्थपूर्ण सहभागिता गराउने सवालमा हाम्रो नेतृत्व निकै पछाडी र अपाङ्गताको अधिकार दयनीय अवस्थामा नै गुज्रिरहेको छ। लामो समयसम्म स्थानिय तहको र विभिन्न आवधिक निर्वाचनहरु हुन नसकेको प्यासले तड्पिएका राजनैतिक दलहरु विभिन्न उपभोक्ता समिति, सामुदायिक संस्था होस वा शान्ति क्षेत्र घोषित विद्यालयको व्यवस्थापन समितिमा समेत भागवण्डा र लुछाचुडीमा हावी भएको स्पष्टै छ र एउटै व्यक्ति धेरै ठाउमा रहनुपर्ने दम्भले हाम्रा सवालहरु कुल्चिएका छन्, पेलिएका छन् र पछाडी पारिएका छन । महासागर जस्तो शान्त र विशाल पार्टीहरुमा पनि बेलाबेलामा उत्पन्न हुने छाल र लहरी जस्तै

अन्तरसंघर्षले समेत हामीलाई किनारामा हुत्याइ दिन्छ । समावेशीताको सिद्धान्त र अर्काको नेतृत्व र सहभागिता स्वीकार गरिएको छैन र प्राय सबैले नेतृत्व हत्याउने मात्र प्रमुख लक्ष्य राख्ने भएको हुँदा कार्य दक्षतामा खासै परिवर्तन र नयाँ कुरा आउन सकेको पनि छैन। अव हुने स्थानिय तहको निर्वाचनमा पनि यस्तै अवस्था हुने निश्चित जस्तै छ । किनकि हामीले अवलम्बन गरेको संस्कार र नीति यस्तै छ । नयाँ संविधान र निर्वाचन ऐनले महिला, दलित वा अल्पसंख्यकको प्रतिनिधित्वको व्यवस्था गरेको छ। स्थानिय तहको वडा कार्यलय देखि जिल्ला समन्वय समिति सम्म महिला र दलित वर्गहरुको प्रतिनिधित्व हुने कुरा निश्चित नै छ । महिलाहरुको वडा स्तरमा हुने कम्तिमा २ सदस्य र प्रमुख वा उप–प्रमुख मध्ये १ हुने अनिवार्य हुने प्रावधानले महिलाहरुको सहभागिताको सुनिश्चित गरेको छ। वडामा हुने २ महिला मध्ये १ दलित महिला हुनु पर्ने प्रावधानले दलित महिलाको समेत प्रतिनिधित्व हुने कुरा निश्चित नै छ । महिला र दलितको वडा स्तरमा हुने ५ सदस्य भित्रै पर्ने सम्भावना बलियो भए पनि अपाङ्गता भएका व्यक्तिहरु र संविधान तथा निर्वाचन ऐनमा भनिएको अल्पसंख्यकहरु वडाको ५ सदस्य भित्र पर्ने सम्भावना छैन । यसका लागि दलहरुको मुख ताक्नु पर्ने वा विवेकमा भर पर्नु पर्ने अवस्था छ।

नगरपालिकामा थप हुने ३ दलित वा अल्पसंख्यक र गाउँ पालिकामा थप हुने २ दलित वा अल्पसंख्यकको प्रावधान पनि स्पष्ट छैन । विभिन्न स्थानमा महिला र दलितलाई स्पष्ट व्यवस्था गरे पनि अपाङ्गता भएका व्यक्तिहरु वा अल्पसंख्यकको स्पष्ट व्यवस्था नहुँदा अरु थुप्रै वर्ग वा समूहहरु फेरि पनि छुट्ने सम्भावना कायमै रहयो । यो भनिरहँदा महिला वा दलितको संख्या धेरै भयो भनिएको होइन, यसको अर्थ अल्पसंख्यक भनेको कुन कुन वर्ग हो स्पष्ट किटान हुनु पर्‍यो र सबैको प्रतिनिधित्व सुनिश्चित गर्नु पर्‍यो। एउटै गाउँ वा नगरबाट सबै प्रकारका अल्पसंख्यक वा अपाङ्गता भएका व्यक्तिहरुको प्रतिनिधित्व गराउन असम्भव हुने वा नसकिने कुरा हामी पनि बुझ्दछौ। तर ७४४ स्थानीय तह वा उदाहरणको लागि तनहुँको हकमा १० ओटा स्थानिय तहमा ४ नगरपालिका, ६ गाउँपालिका र ८५ ओटा वडामा प्रतिनिधित्व हुने र नगरबाट थप हुने ३ जनाका दरले ४ नगरको १२ जना र गाउपालिकामा थप हुने २ जनका दरले ६ गाउँ पालिकाको १२ समेत २४ जनाको अल्पसंख्यक वा दलित भनेको स्थानमा तनहुँका सबै अल्पसंख्यक समूहहरुलाई समावेश गर्न सकिन्छ । तनहुँमा अल्पसंख्यक समूहहरु कति छन् त्यसको लेखा जोखा र स्पष्ट हिसाव किताव सबै दलहरुले गर्न जरुरी छ। अल्पसंख्यकको नाउँमा रहेको तनहुँको २४ स्थानमा तनहुँ जस्तो उच्च राजनैतिक चेतना भएको जिल्लाबाट कुनै पनि

वर्ग छुट्नु भनेको घोर विरोध पूर्ण र आपतिजनक विषय हुनेछ, सबै राजनैतिक दलहरुलाई चेतना भया । अल्पसंख्यक वा विभिन्न समूहमा राजनीति गर्ने वर्गका नेताहरुले पनि यसलाई मनन गर्न अवश्यक छ, सवैको अस्तित्व र नेतृत्व आवश्यक छ र स्वीकार गर्नु पर्दछ । सबैको समान प्रतिनिधित्व होस । कुनै पनि पार्टीमा नेता भइसकेको वा पार्टीको कुनै तहमा जिम्मेवारी वहन गरिसकेको वा नेतृत्व तहमा पुगेर सबैको नेता भइसकेको व्यक्ति पुन पछाडी फर्केर फेरि पनि कुनै वर्गमा मात्र सिमित भइ प्रतिनिधि हुन खोज्नु वा समावेशी आरक्षणमा फर्कनु भनेको नेताको आचारण भित्र पर्दैन र सबैले नेताको रुपमा स्वीकार गर्दैनन् । पार्टीको नेतामा स्थापित भइसकेको व्यक्ति जहिले पनि पार्टीको खुला राजनीतिमा आउन सक्नु पर्दछ । आरक्षण वा समावेशी भनेको पछाडी पारिएको वर्ग वा अल्पसंख्यक वा अपाङ्गता भएका व्यक्तिहरुको लागि हो, नकि हुने, सक्ने र पार्टीमा खुला राजनीति गर्नेहरुका लागि ? एउटा उदाहरण कांग्रेस नेतृ सुजता कोइराला विगतका महाधिवेशनहरुमा कहिले पनि महिला आरक्षणमा चुनाव लडिनन् । सबैको नेता भएका कारण खुलामा चुनाव लडिन् र सबैको नेताका रुपमा स्थापित भइन् । यस्तो प्रकारको अभ्यास र राजनैतिक संस्कार वडा देखि केन्द्रसम्म सबैले विकास गर्नु पर्दछ र सबैले मेरो नेतृत्वशैली कस्तो छ भनेर सोच्नु पर्दछ । यस्तो साहस र महानता को कसमा छ भनेर परीक्षण गर्ने बेला समेत आएको छ । सबैको सहभागिता र सबैको स्वभिमानको सम्मान सबैले गर्नु पर्दछ । सबैको नेतृत्व सबैले स्वीकार गर्नु पर्दछ । केही गर्न नसक्ने कोही पनि छैन । सबैको क्षमता अलग अलग र विशिष्ट खालकै हुन्छ । राजनीतिमा सबैभन्दा ठूलो कुरा भोट हो र भोट भनेको जनता नै हुन । १ व्यक्तिको भोट १ नै हो भने किन भेदभाव गर्ने, किन कोही अगाडि कोही पछाडी हिड्ने सबै सँगसँगै अघि बढौं । सबैले सबैको सम्मान गरौं । यो नै आजको आवश्यकता र राजनैतिक संस्कार हो । हरेक आन्दोलन र परिस्थितिमा नेतृत्वले आफूलाई सुधार गर्दै र सबैलाई समेट्दै लैजानु पर्दछ यो नै लोकतन्त्र र समाजवादको मूल मर्म हो । स्थानिय तहको पुर्नसंरचना भएको यसै सन्दर्भमा राजनैतिक दलहरुको स्थानिय तहको संरचनामा पनि फेरवदल हुन सक्छ यस अवस्थामा हरेक वडा र तहमा अपाङ्गता भएका व्यक्तिहरुको अनिवार्य सहभागिता हुनु पर्ने कुरामा समेत सबैको ध्यान पुग्न जरुरी छ । अन्यथा देशको एक महत्वपुर्ण हिस्सा पुन पछाडी परिने अवस्था नआउला भन्न सकिदैन् ।

(लेखक हाल अपाङ्गता जिल्ला समन्वय समिति तनहुँको उपाध्यक्ष र राष्ट्रिय लोकतान्त्रिक अपाङ्ग संघ तनहुँको अध्यक्ष हुनुहुन्छ ।)

आय-आर्जनबाट लाभान्वित बन्दै दाङ्ग जिल्लाका अपाङ्गता भएका व्यक्ति सिउप्रसाद चौधरी र तारा पुरी

नेपाल अपाङ्ग मानव अधिकार केन्द्रले सन् २०१४ अप्रिल देखि सन् २०१७ मार्च सम्मका लागि डि.डि.पी. यूके एड सँगको संयुक्त साझेदारीमा पश्चिम नेपालमा रहेका अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक स्तर उकास्ने, आय-आर्जनका कार्यक्रमहरू सञ्चालन गरी जीवनयापनमा सहजता ल्याउने उद्देश्यले "पश्चिम नेपालका अपाङ्गता भएका व्यक्तिहरूको गरिबी निवारण परियोजना"(जि.पि.ए.एफ.) सञ्चालन गरेको छ । यो परियोजना तनहुँ जिल्लाको अपाङ्गता भएका व्यक्तिहरूको अधिकार र विकासका लागि श्रोत केन्द्र (रिसेड), दाङ जिल्लाको अपाङ्ग मानव अधिकार एवं सरोकार मञ्च नेपाल, बर्दिया जिल्लाको अपाङ्ग पुनर्स्थापना केन्द्र र सुर्खेत जिल्लाको अपाङ्ग सशक्तिकरण केन्द्र गरी ४ वटा स्थानीय जिल्ला साझेदार संस्थाहरूसँगको साझेदारीमा सञ्चालन गरिएको हो । ती सबै जिल्लाहरूमा अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक अवस्थामा सुधार ल्याउनको लागि आय-आर्जन हुने खालका विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएको छ । ती जिल्लाहरू मध्ये दाङ जिल्लाको अपाङ्ग मानव अधिकार एवं सरोकार मञ्च नेपालमा "पश्चिम नेपालका अपाङ्गता भएका व्यक्तिहरूको गरिबी निवारण परियोजना" अन्तर्गत विभिन्न व्यवसाय सञ्चालन गरी आय-आर्जन गर्न सफल हुनु भएका अपाङ्गता भएका व्यक्ति सिउप्रसाद चौधरी र तारा पुरीको सफलताको कथा प्रस्तुत गरिएको छ ।

तरकारी व्यवसायबाट आम्दानी गर्दै सिउप्रसाद

दाङ जिल्लाको लमही नगरपालिका वडा नं.२ केरुनिया निवासी आमा विष्णु देवी चौधरी र बुवा मोहनलाल चौधरीको कोखबाट कान्छो छोराको रूपमा ३३ वर्ष अगाडि जन्मनु भएका सिउ प्रसाद चौधरी जन्मिएको केही समय पछि पोलियोको कारण शारीरिक अपाङ्गता हुनु भयो । पोलियोको कारण उहाँको दायाँ खुट्टा केही छोटो र सानो छ । सिउ प्रसादका श्रीमती, एक



पाएको सानो जग्गामा पनि उहाँले श्रीमती तथा छोरा छोरीहरूको साथ र सहयोगले तरकारी खेती लगाउनु भयो । तर आर्थिक अवस्था कमजोर भएको कारण तरकारी खेती गरेता पनि उहाँ सँग पैसा नभएको कारण तरकारीमा प्रयोग गर्ने स्प्रे र ट्याङ्की किन्न नसक्दा सोचे अनुसारको तरकारी उत्पादन हुन सकेन तर पनि उहाँमा हिम्मत भने हटेन । अपाङ्ग मानव

छोरा र एक छोरी सहित ४ जनाको परिवार छ । शारीरिक अपाङ्गता भएका सिउप्रसादको आर्थिक अवस्था पनि ज्यादै कमजोर थियो। सिउप्रसाद शारीरिक रूपले अपाङ्गता भए पनि उहाँ ज्यादै इमान्दार, मेहनती हुनु हुन्थ्यो। घर परिवारबाट अंश बन्डा गर्ने क्रममा सबै अरू दाजु भाइलाई धैरे र उहाँलाई थोरै सम्पत्ति दिएको कारण आर्थिक रूपमा समस्या परेको पनि उहाँ बताउनु हुन्छ । त्यही सम्पतीको नाममा

अधिकार केन्द्र काठमाण्डौंले डि.डि.पि. यूके को सहयोगमा अपाङ्ग मानव अधिकार एवं सरोकार मञ्च नेपाल दाङको साझेदारीमा सञ्चालन भएको "पश्चिम नेपालका अपाङ्गता भएका व्यक्तिहरूको गरिबी निवारण परियोजना" (जि.पि.ए.एफ.) परियोजना सञ्चालन गरेको जानकारी भए पछि अपाङ्ग मानव अधिकार एवं सरोकार मञ्च नेपाल दाङ मार्फत केही रकम सहयोग लिएर तरकारी खेतीलाई अझ व्यापक बनाउनु भयो । यसरी आफूले उत्पादन गरेको तरकारी बेचेर उहाँले घर खर्च चलाउनको साथै छोराछोरीलाई पढाउन पनि सफल हुनु भएको छ ।

यो तरकारी खेतीबाट सिउप्रसाद चौधरीले वार्षिक रूपमा रु पचास हजार रुपैयाँ सम्म आम्दानी गर्न सफल रहेको उहाँहरू बताउनु हुन्छ । शारीरिक रूपमा अपाङ्गता हुनु भएको सिउप्रसाद चौधरीको मेहनत, परिश्रम देखेर गाउँका अन्य व्यक्तिहरू उहाँलाई एक उदाहरणीय व्यक्तिको रूपमा सम्मान गर्ने गर्दछन् । त्यसैले उहाँ भन्नु हुन्छ अपाङ्गता भएता पनि अवसर पाएको खण्डमा आफ्नो र घर परिवारको जीवन यापनमा सहजता ल्याउनको साथै समाजको लागि पनि योगदान सकिने उहाँ बताउनु हुन्छ । अपाङ्गता भएका व्यक्तिहरूलाई घर परिवार तथा समाजको साथ र सहयोग भएको खण्डमा र अपाङ्गता अनुकूलको वातावरणको सृजना गरि दिएको खण्डमा उनीहरू कसैको बोझ होइन की समाज तथा देशको लागि पनि योगदान दिन योग्य हुने छन् ।

व्यवसायी बन्दै तारा पुरी

दाङ जिल्ला गढवा गाविस वडा नं. ९ चन्दनपुर निवासी बुवा ऋषि राज पुरी र आमा सारदा पुरीको पहिलो सन्तान तारा पुरी जन्मजात नै शारीरिक रूपमा अपाङ्गता हुनु हुन्छ । हाल उहाँ २४ वर्षकी हुनु भयो । जन्मजात नै उहाँको कम्मर भन्दा मुनीको भाग नचल्ने र हातहरूले पनि सक्रिय रूपमा काम गर्न नसक्ने भएको थियो । घरको आर्थिक अवस्था ज्यादै नै कमजोर भएको कारण उपचारको लागि उहाँले अस्पतालको मुख देख्न पाउनु भएन । तर गाउँ घरमा धेरै धामी झाँक्रीलाई भने देखाइयो तर पनि उहाँको उपचार हुन सकेन । तारको उमेर बढ्दै जाँदा उहाँले बसेर नै घरको काममा आमालाई सघाउन थाल्नु भयो । तर पनि घरका सदस्यहरूले साङ्ग मान्छेहरूले घर परिवारको लागि केही गर्न सकेका छैनन् भने यस्ती अपाङ्ग मान्छेले हामीलाई के काममा सहयोग गर्न सक्छे भनेर हेला गर्ने, घोचपेच गर्ने गर्थे । हिँडडुल गर्न नसकेको कारणले उहाँ विद्यालय सम्म पनि जान पाउनु भएन । दिन भरी घरमा एक्ले बस्नु पर्ने बाध्यता थियो । सबै जना काममा जान्थे उहाँ भने घरमा नै बसिरहनु हुन्थ्यो अनि घर परिवारले उहाँलाई बोझको रूपमा हेर्ने

गर्थे । यसरी नै उहाँको दैनिकी विति रहेको थियो । सन् २०१४ को अप्रिल देखि नेपाल अपाङ्ग मानव अधिकार केन्द्र काठमाण्डौंले डि.डि.पि. यूके को सहयोगमा अपाङ्ग मानव अधिकार एवं सरोकार मञ्च नेपाल दाङको साझेदारीमा सञ्चालन भएको "पश्चिम नेपालका अपाङ्गता भएका व्यक्तिहरूको गरिबी निवारण परियोजना" (जि.पि.ए.एफ.) परियोजना सञ्चालन गरेको जानकारी उहाँले र जीवन यापनको लागि केही आय–आर्जन हुने खालका व्यवसाय गर्ने इच्छा भएका अपाङ्गता भएका व्यक्तिहरूलाई सहयोग पनि हुने कुरा अपाङ्ग समन्वय समिति दाङ्का अध्यक्ष भरत कुमार पन्त मार्फत जानकारी पाउनु भयो । मानव अधिकार एवं सरोकार मञ्च नेपाल दाङको कार्यालयमा जानु भए पछि र आफूले सहयोग पाएको खण्डमा व्यवसाय गर्ने कुरा बताए पछि उक्त "पश्चिम नेपालका अपाङ्गता भएका

व्यक्तिहरूको गरिबी निवारण परियोजना ” (जि.पि.ए.एफ.) परियोजना अन्तर्गत मानव अधिकार एवं सरोकार मञ्च नेपाल दाङले उहाँलाई संस्था मार्फत खुद्रा पसलको लागि केही पैसा सहयोग गर्नु भयो। सो रकमबाट उहाँले खुद्रा पसल सञ्चालन गर्नु भयो। अहिले शारीरिक अपाङ्गता भएकी तारा पुरीले उक्त खुद्रा पसलबाट दैनिक रूपमा रु १५ सय सम्मको आम्दानी गर्नु हुन्छ। यो व्यवसायबाट अहिले तारापुरीको आत्मबल बलियो भएको छ । यो व्यवसायबाट आम्दानी हुँदा उहाँ ज्यादै खुशी हुनु हुन्छ । शारीरिक अपाङ्गता भएकाले के गर्न सक्छे र भन्ने घर परिवार तथा छिमेकीहरू अहिले उहाँको मेहनत र परिश्रम देखेर दङ्ग छन् । अब त तारालाई पनि अब मैले पनि जीवनमा केही गर्न भन्ने आँट आएको छ। आफ्नो आमा बुवाको हौसलाले गर्दा आय–आर्जन गरी सफल हुनु भएको छ। यो खुद्रा पसलबाट आम्दानी गरेको केही रकम उहाँले नजिकैको बहु उद्देश्य सहकारी संस्था लि. गढवामा बचत गर्न पनि थाल्नु भएको छ । “पश्चिम नेपालका अपाङ्गता भएका व्यक्तिहरूको गरिबी निवारण परियोजना ” (जि.पि.ए.एफ.) परियोजनाले तारपुरीको जीवनमा धेरै सकारात्मक परिवर्तन ल्याउनुको साथै आत्म निर्भर बन्नमा निकै सहयोग गरेकोमा उहाँ नेपाल अपाङ्ग मानव अधिकार केन्द्र काठमाण्डौं, डि.डि.पि. यूके र अपाङ्ग मानव अधिकार एवं सरोकार मञ्च नेपाल दाङलाई धेरै धेरै धन्यवाद दिनु हुन्छ।

के तपाई अपाङ्ग आवाज मासिक पत्रिकाको ग्राहक बन्न चाहनु हुन्छ ?

के तपाईले अपाङ्ग आवाज मासिक पत्रिका पढ्नु भयो ? यदि तपाई अपाङ्ग आवाज मासिक पत्रिका पढ्न र ग्राहक बन्न चाहनु हुन्छ भने

हामीलाई सिधा सम्पर्क गर्नु होस्

फोन नं : ०१-४९११०९२

सूचना तथा सञ्चारमा अपाङ्गहरूको समान सहभागिता आजको आवश्यकता
अपाङ्ग प्रधान
अपाङ्ग आवाज
मासिक

साथ देउ अपाङ्गलाई

✍ इच्छा के.सी., काठमाण्डौं

अपाङ्गता हुन या साङ्ग
छोरा छोरी हुन सन्तान तिम्रै ।
गरौं उसलाई समान व्यवहार
दिएर अवसर जम्मै ॥

दिलाई अधिकार उसलाई
पढ्न पठाऊ नभनौ न भिन्दै ।
बोझ हुँदैनन् तिनी
दिए साथ बढ्लान् अघि सफलता चुम्दै ॥

कचौरा होइन हातमा,
देऊ पुस्तक उसलाई ।
हातमा हात मिलाउँदै
देलान् योगदान देशलाई ॥

उसको आगमनले तिमीमा
खुशीको लहर छाउनु पर्छ ।
दया होइन तिमीबाट मात्र
उसले सच्चा साथ सहयोग पाउनु पर्छ ॥

अपमान होइन अब समाजको सकारात्मक
सोच उ माथि दिलाउनु नै तिमीले पर्छ...॥

समाचार विविध

राष्ट्रिय अपाङ्ग महासंघ नेपालकी उपाध्यक्ष टिका दाहाल सम्मानित

२५ फागुन २०७३, शर्मिला विश्वकर्मा, काठमाण्डौं

१०७ औ अन्तर्राष्ट्रिय महिला दिवसका अवसरमा नेपाली महिला संघ हङ्कङ् र गैर आवासीय नेपाली संघ हङ्कङ्ले संयुक्त रूपमा राष्ट्रिय अपाङ्ग महासंघकी उपाध्यक्ष टिका दाहाललाई **"Women of the Year 2017"** प्रदान गरी सम्मान गरेको छ । नेपाली महिला संघ हङ्कङ् र गैर आवासीय नेपाली संघ हङ्कङ्ले संयुक्त रूपमा हङ्कङ्मा आयोजना गरेको उक्त कार्यक्रममा उहाँलाई सम्मान स्वरूप नेपाली रु २ लाख प्रदान गरिएको थियो । यो रकम सम्मानित व्यक्ति तथा राष्ट्रिय अपाङ्ग महासंघकी उपाध्यक्ष टिका दाहालले नेपाल अपाङ्ग महिला संघले हिंसा पीडित अपाङ्गता भएका महिलाहरूको लागि बन्दै गरेको छात्रावास निर्माण कार्यमा सहयोग गर्ने बताउनु भयो ।

१०७ औ अन्तर्राष्ट्रिय महिला दिवसका अवसरमा नेपाली महिला संघ हङ्कङ् र गैर आवासीय नेपाली संघ हङ्कङ्ले संयुक्त रूपमा राष्ट्रिय अपाङ्ग महासंघकी उपाध्यक्ष टिका दाहाललाई एक कार्यक्रमका बीच सम्मान गर्दै। तस्विर : टिका दाहाल

पर्यटन व्यवसाय सम्बन्धी छलफल

नेपालको पर्यटन व्यवसायमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच सम्बन्धी काठमाण्डौंमा आयोजना गरिएको एक छलफल कार्यक्रमका सहभागीहरू । तस्विर : शर्मिला विश्वकर्मा

३० फागुन २०७३, शर्मिला विश्वकर्मा, काठमाण्डौं

राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, सि.वि.एम., इन्स्ट्रक्चर अफ इन्टरनेशनल टुरिजम एण्ड हस्पिटालिटी म्यानेजमेण्ट र फोरसेसन ट्राभल्स एण्ड टुरिजम प्राइभेट लिमिटेडको संयुक्त आयोजनामा नेपालको पर्यटन व्यवसायमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच सम्बन्धी काठमाण्डौंमा एक छलफल कार्यक्रमको आयोजना गरियो । सो छलफलमा साइण्ट्लो विश्व विद्यालयका जोन इ हेदरले अपाङ्गता भएका व्यक्तिहरूले पनि पर्यटन व्यवसायलाई सहयोग गर्न सक्ने र यो पर्यटन व्यवसाय सञ्चालन गर्नका लागि अपाङ्गता भएका व्यक्तिहरूलाई तालिम दिन जरुरी रहेको बताउनु भयो । यसका साथै उहाँले यस विषयमा सरोकारवाला निकायहरू तथा अन्य संघ संस्थाहरूसँग पनि छलफल गर्नु पर्ने कुरामा जोड दिनुभयो । त्यसै गरी फोरसेसन ट्राभल्स एण्ड टुर्स प्रा. लि का निर्देशक पंकज प्रधानाङ्गले नेपालमा अपाङ्गता भएका व्यक्तिहरूलाई पनि पर्यटन व्यवसायसँग समावेश गर्न सकिने र यस विषयमा आफ्नो तर्फबाट सक्दो सहयोग गर्ने बताउनु भयो । सो कार्यक्रममा बौद्धिक अपाङ्गताका अभिभावक महासंघ नेपालका अध्यक्ष मुकुन्द दाहालले यो

पर्यटन व्यवसायमा बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूलाई पनि सहभागी गराउने खालका कार्यक्रमहरू ल्याउनु पर्ने कुरामा जोड दिनु भयो । त्यसै गरी नेत्रहिन युवा संघ नेपालका अध्यक्ष कलाधर भण्डारीले यो पर्यटन व्यवसायमा अपाङ्गता भएका व्यक्तिहरूका प्रतिभाहरू मार्फत मनोरञ्जन हुने खालका कार्यक्रमहरूलाई पनि समावेश गर्न सकेमा अझ राम्रो हुने कुरामा जोड दिनु भयो । त्यसै गरी सि.वि.एम.का कार्यक्रम अधिकृत कृष्ण गहतराजले यो पर्यटन व्यवसायलाई सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको पहुँचमा पुग्ने गरी विकास गर्न सकेमा अझ सहज हुने कुरामा जोड दिनु भएको थियो । नेपालको पर्यटन व्यवसायमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच सम्बन्धी गरिएको उक्त कार्यक्रममा राष्ट्रिय अपाङ्ग महासंघ नेपालकी उपाध्यक्ष टिका दाहालले अपाङ्गता भएका व्यक्तिहरूको समावेशी पर्यटनको राज्यको तर्फबाट पनि अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश हुने खालका कार्यक्रमहरू सञ्चालन गरिनु पर्ने, अपाङ्गता भएका व्यक्तिहरूले उत्पादन गरेका सामाग्रीहरूको बजार व्यवस्थापनको लागि काम गर्न जरुरी रहेको बताउनु भयो । सो कार्यक्रममा सहभागी व्यक्तिहरूले यो पर्यटन व्यवसायमा सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको पहुँच पुग्ने गरि काम गर्नु पर्ने बताएका थिए ।

न्यायमा पहुँच सम्बन्धी छलफल

४ चैत २०७३, शर्मिला विश्वकर्मा, काठमाण्डौं

राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, नेपाल अपाङ्ग मानव अधिकार केन्द्रको आयोजना तथा इनाबलमेन्ट नेपाल **(Enablement Nepal)** को सहयोगमा अपाङ्गता भएका व्यक्तिहरूका लागि न्यायमा पहुँच सम्बन्धी काठमाण्डौंमा एक अन्तरक्रिया कार्यक्रमको आयोजना गरियो । उक्त कार्यक्रममा नेपाल पारा ओलम्पिक कमिटिका अध्यक्ष दिपक कोइरालाले सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको न्यायमा पहुँच पुग्न नसकेको बताउँदै यसको लागि सबै एक जुट भएर लाग्नु पर्ने बताउनु भयो । सोही क्रममा नेपाल अपाङ्ग महिला संघकी कोषाध्यक्ष अनिता घिमिरेले अधिकांश बौद्धिक तथा बहिरा अपाङ्गता भएका महिलाहरूले बढि मात्रमा विभिन्न हिंसाको शिकार हुन परेको र त्यसको न्यायको लागि आफै बोल्न नसकेको कारण उनीहरूले न्याय पाउन नसकेको बताउनु भयो । सोही क्रममा नेपाल अपाङ्ग मानव अधिकार केन्द्रकी अध्यक्ष तारा वदन सेडाइले पूर्ण तथा अति असक्त र संरक्षक नभएका अपाङ्गता भएका व्यक्तिहरूको लागि पुनर्स्थापना केन्द्रको व्यवस्था गरिनु पर्ने बताउनु भएको थियो भने नेपाल हिमोफेलिया सोसाइटीका अध्यक्ष बेदराज ढुङ्गानाले अपाङ्गता भएका व्यक्तिहरूको न्यायमा पहुँच पुऱ्याउनको लागि उनीहरूको स्वास्थ्य उपचारको लागि स्वास्थ्य मन्त्रालयसँग पहल गर्न जरुरी रहेको बताउनु भयो । यसै क्रममा राष्ट्रिय अपाङ्ग महासंघ नेपालका कोषाध्यक्ष कुमार रेग्मीले बहिरा व्यक्तिहरूलाई

कानुनी न्याय दिलाउनको लागि कानुनी क्षेत्रमा काम गर्ने निकायका वकिलहरू तथा कानुनी व्यवसायीहरूलाई साङ्केतिक भाषाको तालिम दिन जरुरी रहेको र यस विषयमा राज्य संवेदनशील हुन जरुरी रहेको बताउनु भयो । अपाङ्गता भएका व्यक्तिहरूका लागि न्यायमा पहुँच सम्बन्धी काठमाण्डौंमा एक अन्तरक्रिया कार्यक्रममा नेपाल अपाङ्ग मानव अधिकार केन्द्रका महासचिव जगदीश प्रसाद अधिकारीले राज्यले उपलब्ध गराएका सेवा सुविधाहरूबाट अधिकांश अपाङ्गता भएका व्यक्तिहरू वञ्चित भएको, विभिन्न समयमा अपाङ्गता भएका व्यक्तिहरूको लागि सर्वोच्च अदालतबाट भएका फैसलाहरू कार्यान्वयन नभएको बताउँदै यस्ता सवालहरूमा पनि अपाङ्गता भएका व्यक्तिहरूको न्यायमा पहुँचको लागि काम गर्नु पर्ने बताउनु भयो भने मनोसामाजिक अपाङ्गता भएकी महिला सुस्मिरा अर्यालले स्वास्थ्य निकायहरूले अपाङ्गता भएका व्यक्तिहरूको लागि व्यवस्था गरेका सेवा सुविधाहरूको कार्यान्वयन गर्नु पर्ने बताउनु भयो । उक्त कार्यक्रममा अनुसन्धानकर्ता किरण वाग्लेले अपाङ्गता भएका व्यक्तिहरूका पक्षमा व्यवस्था गरिएका नीति नियम तथा कानुनहरूलाई सरोकारवाला निकायले कार्यान्वयन गर्न तर्फ ध्यान दिनु पर्ने र यो कार्यक्रममा आएका सल्लाह सुझाव अनुसार सम्बन्धित निकायलाई सचेत गराउने बताउनु भयो । उक्त अन्तरक्रिया कार्यक्रममा अपाङ्गता भएका व्यक्तिहरूको शिक्षा, स्वास्थ्य, रोजगार लगायतका विषयमा छलफल गरिएको थियो ।

कानुनको अध्ययन विश्लेषण विषयमा अन्तरक्रिया कार्यक्रम

४ चैत २०७३, शर्मिला विश्वकर्मा, काठमाण्डौं

मानसिक अपाङ्गता भएका व्यक्तिहरूको लागि काम गर्ने संस्था कोशिषको आयोजनामा मानसिक स्वास्थ्य सम्बन्धी कानुनको अध्ययन तथा विश्लेषण विषयक एक दिने अन्तरक्रिया कार्यक्रम काठमाण्डौंमा सम्पन्न भएको छ । उक्त

कोशिषले काठमाण्डौंमा आयोजनामा गरेको मानसिक स्वास्थ्य सम्बन्धी कानुनको अध्ययन तथा विश्लेषण विषयक एक दिने अन्तरक्रिया कार्यक्रमको एक झलक ।
तस्विर : शर्मिला विश्वकर्मा

कार्यक्रमको बारेमा कोशिषका अध्यक्ष मातृका देवकोटाले राज्यले बनाएका नीति नियमहरू मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूका लागि विभेदकारी भएको र अब आउने नियम कानुनहरू मनोसामाजिक अपाङ्गता मैत्री हुनु पर्ने कुरामा जोड दिनु भयो । राष्ट्रिय मानव विशेष पहल गर्न जरुरी रहेको बताउनु भयो । त्यसै गरी राष्ट्रिय अपाङ्ग महासंघ नेपालका अध्यक्ष सुदर्शन सुवेदीले मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूलाई कुनै पनि कानुनी नीतिमा विभेद गर्न नहुने, सामाजिक विभेद गर्न नहुने र राज्यका हरेक निकायमा

कोशिषको आयोजनामा काठमाण्डौंमा सम्पन्न मानसिक स्वास्थ्य सम्बन्धी कानुनको अध्ययन तथा विश्लेषण विषयक एक दिने अन्तरक्रिया कार्यक्रमको एक झलक ।
तस्विर : शर्मिला विश्वकर्मा

अधिकार आयोगका प्रवर्द्धन र वकालत महाशाखाका उपनिर्देशक कोषराज न्यौपानेले मानसिक स्वास्थ्यको विषयमा बन्न लागेको नीतिको बारेमा उल्लेख गरिएका व्यवस्थाहरूको बारेमा जानकारी दिनु भयो । त्यसै गरी वरिष्ठ अधिवक्ता प्रकाशमणी शर्माले वकिल, प्रहरी, अधिवक्ता तथा न्यायाधीशहरूलाई मानसिक स्वास्थ्यको विषयमा सचेत गराउनु जरुरी रहेको भन्दै उनीहरू मैत्री कानुन निर्माणको लागि पनि हामी सरोकारवाला निकायहरूले उनीहरूको सहभागिताको लागि सबैले पहल गर्नु पर्ने कुरामा जोड दिनु भएको थियो । सो कार्यक्रममा अधिवक्ता राजु चापागाँईले मनोसामाजिक स्वास्थ्य सम्बन्धमा आकर्षित हुने ऐन तथा नियमावलीहरू उपरको प्रस्तुति तथा टिप्पणीमा सुझाव प्रस्तुत गर्नु भएको थियो । यसै क्रममा हाम्रा कानुनहरूमा अझै मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूलाई विभेद गर्ने खालका व्यवस्थाहरू भएको कारण यस्ता व्यवस्थाहरूलाई हटाएर मनोसामाजिक

मैत्री कानुनको व्यवस्था गर्नु तर्फ सबै सरोकारवाला निकायहरू सक्रिय भएर काम गर्नु पर्ने बताउनु भयो । उक्त मानसिक स्वास्थ्य सम्बन्धी कानुनको अध्ययन तथा विश्लेषण विषयक एक दिने अन्तरक्रिया कार्यक्रममा कोशिषका स्वतन्त्र अध्ययनकर्ता (Freelancer) सुरज सिग्देलले हाम्रो देशमा भएका नीति नियमहरूको बरोमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । यसै क्रममा उहाँले नीति नियम तथा कानुनी व्यवस्था अनुसार मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूले राज्यले उपलब्ध गराएको सेवा सुविधा प्राप्त गर्न नसकेको गुनासो पनि गर्नु भयो । सोही कार्यक्रममा स्वास्थ्य मन्त्रालयका सचिव सागर दाहालले मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्यमा पहुँच पुऱ्याउनको लागि अपाङ्गताको क्षेत्रमा काम गर्ने तथा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूले सरोकारवाला निकायहरूलाई सल्लाह सुझाव दिनु पर्ने बताउनु भयो ।

सहायक सामाग्री नाप-जाँच कार्यक्रम

७ चैत्र २०७३, मदन पौडेल, तनहुँ

सामाजिक रूपान्तरण नेपाल काठमाण्डौंको आयोजना, रिसेडको स्थानीय संयोजन तथा महिला तथा बालबालिका कार्यालय, काठमाण्डौंको सहयोगमा शारीरिक तथा दृष्टिविहिन अपाङ्गता भएका व्यक्तिहरूको लागि सहायक सामाग्री नाप जाँच कार्यक्रम तनहुँमा सम्पन्न भएको छ ।

सो कार्यक्रममा अपाङ्गता भएका व्यक्तिहरूको आवागमनको लागि उनीहरूको अवस्था अनुसार सहायक सामाग्रीको महत्व निकै रहेको बताउँदै सामाजिक रूपान्तरण नेपाल काठमाण्डौंका प्राविधिक गोकुल घिमिरे र स्थानीय सि.वि.आर नेटवर्क तनहुँका संयोजक विष्णु प्रसाद गौतमले सहायक सामाग्री नाप जाँच गर्नु भएको थियो ।

सो कार्यक्रममा १८ जना शारीरिक अपाङ्गता भएका व्यक्तिहरूको लागि ह्वीलचिएर, १९जना दृष्टिविहिन भएका व्यक्तिहरूका लागि सेतो छडी र ६ जना शारीरिक अपाङ्गता भएका व्यक्तिहरूको लागि वैशाखीको नाप जाँच छ ।

यस अपाङ्ग आवाज पत्रिकामा प्रकाशन गरिएका निजी विचार तथा लेखहरूले अपाङ्ग आवाज मासिक पत्रिकाको प्रतिनिधित्व गर्दैनन् ।

- सम्पादक

विश्व डाउन सिण्ड्रोम दिवस सम्पन्न

८ चैत्र २०७३, शर्मिला विश्वकर्मा, काठमाण्डौं

डाउन सिण्ड्रोम समाज नेपालको आयोजनमा *"मेरो आवाज : मेरो समुदाय"* भन्ने नारा सहित १२ औं विश्व डाउन सिण्ड्रोम दिवस काठमाण्डौं सम्पन्न भएको छ । सो दिवसका अवसरमा काठमाण्डौंको रत्नपार्कको शान्तिवाटिकाबाट र्‍याली निकालिएको थियो भने उक्त र्‍याली जमल, लैनचौर हुँदै समाज कल्याण परिषदमा गएर समापन भएको थियो । सो दिवसका अवसरमा काठमाण्डौंमा आयोजना गरिएको कार्यक्रमकी प्रमुख अतिथि एवं नेपाल परिवार नियोजन संघकी अध्यक्ष अनु सिजापतिले पानसमा दिप बालेर उद्‌घाटन गर्नु भएको थियो । यसै क्रममा उहाँले डाउन सिण्ड्रोम अपाङ्गता भएका व्यक्तिहरूको क्षमताको आधारमा विभिन्न कामहरूमा उनीहरूलाई अवसर दिनु पर्ने र आफ्नो तर्फबाट पनि यस्ता व्यक्तिहरूको रोजगारको लागि पहल गर्ने बताउनु भयो । सो कार्यक्रममा राष्ट्रिय अपाङ्ग कोषकी फिजियोथेरापिष्ट देवकला पराजुलीले डाउन सिण्ड्रोम अपाङ्गता भएका व्यक्तिहरूको सवालहरूलाई सम्बन्धित निकाय सम्म पुर्‍याउनको लागि संस्थागत रूपमा सहकार्य गरेर काम गर्ने बताउनु भयो भने अपाङ्गता भएका व्यक्तिहरूका लागि स्वावलम्बन जीवन पद्धति केन्द्रका सदस्य भोजराज श्रेष्ठले विगतको तुलनामा समाजमा डाउन सिण्ड्रोम अपाङ्गता भएका व्यक्तिहरूका विषयमा केही चेतना जागेको बताउँदै

१२ औं विश्व डाउन सिण्ड्रोम दिवसका अवसरमा काठमाण्डौंको रत्नपार्कको शान्तिवाटिकाबाट निकालिएको र्‍यालीको एक झलक ।
तस्विर : शर्मिला विश्वकर्मा

उनीहरूको स्वास्थ्य उपचारको लागि राज्यको तर्फबाट विभिन्न कार्यक्रमहरू सञ्चालन गर्नु पर्ने कुरामा जोड दिनु भयो । सो कार्यक्रममा वि. स. २०७४ सालको नयाँ पात्रो र डाउन सिण्ड्रोमको बारेमा जानकारी गराइएको पोस्टर पनि कार्यक्रमकी प्रमुख अतिथि एवं नेपाल परिवार नियोजन संघकी अध्यक्ष अनु सिजापति, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयका सह-सचिव महेन्द्र कुमार थापाले सार्वजनिक गर्नु भएको थियो । यसै कार्यक्रममा बौद्धिक अपाङ्गताका अभिभावक महासंघ नेपालका अध्यक्ष मुकुन्द हरी दाहालले डाउन सिण्ड्रोम अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूको क्षमताको आधारमा रोजगारको लागि राज्यले पहल गर्नु पर्ने बताउनु भयो । त्यसै गरी डाउन सिण्ड्रोम समाज नेपालकी अध्यक्ष शिला थापाले डाउन सिण्ड्रोम भनेको के हो, यो कसरी हुन्छ, उनीहरूले अवसर पाएको खण्डमा सीप मूलक तालिम सिकेर जीवन यापन गर्न सक्दछन् भन्दै उनीहरूको अधिकार सुनिश्चित गर्नको लागि सबै सरोकारवाला निकायहरूको साथ र सहयोगको आवश्यक रहेको बताउनु भयो । सो कार्यक्रममा महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयका सह-सचिव महेन्द्र कुमार थापाले डाउन सिण्ड्रोम अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकारको लागि मन्त्रालय सधैँ साथ रहेको र अझ उनीहरूको क्षेत्रमा काम गर्नको लागि सल्लाह सुझाव दिनु पर्ने बताउनु भयो । यसै दिवसका अवसरमा डाउन सिण्ड्रोम समाज नेपाललाई विभिन्न माध्यमबाट सहयोग गर्नु हुने सिल्भर माउण्टेन कलेज र अपाङ्ग आवाज मासिक पत्रिका र रेडियो कार्यक्रमकी सञ्चार संयोजक शर्मिला विश्वकर्मालाई सम्मान पत्रद्वारा सम्मान पनि गरिएको थियो । सो कार्यक्रममा विभिन्न संघ संस्थाका प्रतिनिधिहरूले डाउन सिण्ड्रोम भएका व्यक्तिहरूको हक हित र अधिकरका लागि काम गर्नु पर्ने बताउनु भएको थियो ।

समावेशी सांस्कृतिक कार्यक्रम

✍ १२ चैत २०७३, शर्मिला विश्वकर्मा, काठमाण्डौं

डाउन सिण्ड्रोम समाज नेपालको आयोजना र नेत्रहिन क्रिकेट संघ नेपालको सहयोगमा १२ औं विश्व डाउन सिण्ड्रोम दिवसका अवसरमा काठमाण्डौंमा समावेशी सांस्कृतिक कार्यक्रम सम्पन्न भएको छ । डाउन सिण्ड्रोम अपाङ्गता भएका बालबालिकाहरूको स्वास्थ्य कोषको लागि यो समावेशी सांस्कृतिक कार्यक्रमको आयोजना गरिएको थियो । यो सांस्कृतिक कार्यक्रमको उद्घाटन सैनिक श्रीमती संघकी अध्यक्ष रिता क्षेत्रीले पानसमा दिप बाले गर्नु भएको थियो । यसै क्रममा डाउन सिण्ड्रोम समाज नेपालकी अध्यक्ष शिला थापाले डाउन सिण्ड्रोमको बारेमा प्रस्ट पार्नुको साथै अवसर पाएको खण्डमा उनीहरूले पनि आफूमा भएको प्रतिभा प्रस्तुत गर्न सक्ने बताउनु भयो । यसै

डाउन सिण्ड्रोम समाज नेपालको आयोजना र नेत्रहिन क्रिकेट संघ नेपालको सहयोगमा १२ औं विश्व डाउन सिण्ड्रोम दिवसका अवसरमा काठमाण्डौंमा सम्पन्न समावेशी सांस्कृतिक कार्यक्रमको एक झलक । **तस्विर : गणेश सुवेदी**

कार्यक्रममा सैनिक श्रीमती संघकी अध्यक्ष रिता क्षेत्रीले डाउन सिण्ड्रोम अपाङ्गता भएका बालबालिकाहरूलाई सबैले सक्दो सहयोग गर्नु पर्ने बताउँदै उनीहरूको स्वास्थ्य कोषको लागि रु २५ हजार रुपैयाँ पनि सहयोग गर्नु भयो । सो समावेशी सांस्कृतिक कार्यक्रममा डाउन सिण्ड्रोम अपाङ्गता भएका बालबालिकाहरू, केही बौद्धिक अपाङ्गता भएका व्यक्तिहरू र उनीहरूका अभिभावक तथा सत्यम दिवा सेवाका शिक्षक शिक्षिकाहरूले विभिन्न गीतहरूमा नृत्य प्रस्तुत गरेका थिए । भने यो सांस्कृतिक कार्यक्रममा सहभागी भएका व्यक्तिहरूलाई नेत्रहिन क्रिकेट संघ नेपालका अध्यक्ष पवन घिमिरेले उपहार प्रदान गर्नु भएको थियो । साथै सो कार्यक्रममा डाउन सिण्ड्रोम समाज नेपाललाई सहयोग गर्नु हुने विभिन्न संघ संस्था तथा व्यक्तिहरूलाई सम्मान पत्र पनि प्रदान गरिएको थियो ।

अनुगमन समितिको बैठक सम्पन्न

११ चैत्र २०७३, हिरालाल श्रेष्ठ, मुगु

समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम (सिविआर), जिल्ला समन्वय तथा अनुगमन समितिको बैठक, जिल्ला प्रशासन कार्यालय, मुगुमा सम्पन्न भएको छ । सो कार्यक्रममा महिला तथा बालबालिका कार्यालय र यूनाईटेड मिसन टु नेपाल, मुग क्लष्टरको आर्थिक सहयोगमा अपांग पुनर्स्थापना तथा ग्रामीण विकास संस्था (डार्डो नेपाल) ले आफ्नो कार्य क्षेत्र भित्र समुदायमा आधारित पुनर्स्थापना तथा बाल्यकालीन अपाङ्गता व्यवस्थापन कार्यक्रम अन्तर्गत सम्पन्न गरेको छ महिनाको प्रगति समीक्षा प्रस्तुत गरिएको थियो । सो कार्यक्रममा विगतमा स्थानिय निकायहरु जिल्ला संयोजक समिति, नगरपालिका तथा गाँउपालिका (साविकको जिल्ला विकास समिति, गाँउ विकास समिति)मा उपलब्ध हुने अपाङ्गता सम्बन्धि बजेटको दूरुपयोग हुने गरेको, बहिरा र दृष्टिविहीन अपाङ्गता वर्गीकरण एवं सिफरिसमा आईपरेका समस्या तथा अपाङ्गता मैत्री भौतिक संरचनाहरु नभएको विषयमा छलफल भएको थियो । उक्त कार्यक्रममा जिल्ला संयोजक समिति, नगरपालिका तथा गाँउपालिकामा उपलब्ध हुने अपाङ्गता सम्बन्धि बजेट, महिला तथा बालबालिका कार्यालय, मुगुसँगको समन्वयमा वास्तविक लक्षित वर्गमा पुग्ने गरी खर्च गर्ने विषयमा निर्णय पनि भएको थियो । साथै जिल्लामा सरकारी निकाय तथा विभिन्न सहयोगी संस्थाहरुबाट नयाँ भौतिक

जिल्ला प्रशासन कार्यालय, मुगुमा सम्पन्न समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम (सिविआर), जिल्ला समन्वय तथा अनुगमन समितिको बैठक कार्यक्रमका सहभागीहरू । **तस्विर : हिरालाल श्रेष्ठ**

संरचना निर्माण गर्दा जिल्ला समन्वय तथा अनुगमन समिति बीच समन्वय गरि तोकिएको मापदण्ड एवं आधारहरु पूरा गरी अपाङ्गता मैत्री बनाउने निर्णय भएको छ । सो कार्यक्रमको अध्यक्षता गर्नु भएका प्रमुख जिल्ला अधिकारीले हाल सम्म सम्पन्न कामको राम्रो प्रस्तुति करण भएको, आगामी दिनमा जिल्लामा उपलब्ध साधन श्रोतहरु लक्षित वर्गहरुमा पुग्ने गरी खर्च गर्नु पर्ने, साथै सम्पन्न कार्यक्रमहरुको प्रभावकारी अनुगमनलाई विशेष प्राथमिकताका साथ ध्यान दिनु पर्ने बारेमा जानकारी गराउनु भएको थियो । कार्यक्रममा मुगुका प्रमुख जिल्ला अधिकारी शरदकुमार पोखेलको अध्यक्षतामा बसेको बैठकमा समितिका सदस्यहरु लगाएत जिल्ला स्थित प्रमुख सरोकारवाला निकायहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थालाई समेत आमन्त्रित गरिएको थियो ।

आय-आर्जन सम्बन्धी जानकारी एवं समीक्षा कार्यक्रम

२१ चैत २०७३, शर्मिला विश्वकर्मा, काठमाण्डौं

नेपाल अपाङ्ग मानव अधिकार केन्द्रको आयोजना र डि.डि.पि. यूके को सहयोगमा "पश्चिम नेपालका अपाङ्गता भएका व्यक्तिहरूको गरिबी निवारण परियोजना" अन्तर्गत सन् २०१४ देखि सन् २०१७ सम्मको आय-आर्जन कार्यक्रम अन्तर्गत अन्तिम वर्षको जानकारी एवं समीक्षा कार्यक्रम काठमाडौंमा सम्पन्न भएको छ । सो कार्यक्रममा "पश्चिम नेपालका अपाङ्गता भएका व्यक्तिहरूको गरिबी निवारण परियोजना" अन्तर्गत अपाङ्ग सशक्तिकरण केन्द्र सुर्खेतका अध्यक्ष विष्णु शर्माले यो परियोजनाले सुर्खेत जिल्लामा रहेका विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको आय-आर्जनमा सहज भएको बताउनु भयो भने अपाङ्गता भएका व्यक्तिहरूको अधिकार विकासका लागि श्रोत केन्द्र (रिसेड) का अध्यक्ष मदन पौडेलले तनहुँ जिल्लामा यो परियोजनाले अपाङ्गता भएका व्यक्तिहरूको सशक्तिकरण गर्न सहयोग गर्नुको साथै यो परियोजना सफल भएको बताउनु भयो । त्यसै गरि अपाङ्ग मानव अधिकार एवं



नेपाल अपाङ्ग मानव अधिकार केन्द्रको आयोजना र डि.डि.पि. यूके को सहयोगमा सन् २०१४ देखि सन् २०१७ सम्मको आय-आर्जन कार्यक्रम अन्तर्गत अन्तिम वर्षको जानकारी एवं समीक्षा कार्यक्रमको एक झलक / **तस्विर : लोकनाथ दाहाल**

सरोकार मञ्च नेपाल दाङ्का निर्देशक चिन्तामणि पौडेलले यो परियोजनाले दाङ् जिल्लामा रहेका अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक विकासमा सहयोग गरेको बताउनु भयो । उक्त कार्यक्रममा युवा स्वरोजगार कोषका सहायक कार्यकारी निर्देशक श्री प्रसाद पौडेलले नेपाल अपाङ्ग मानव अधिकार केन्द्रको आयोजना र डि.डि.पि. यूके को सहयोगमा सञ्चालन गरेको यो प्रतिबद्धता जनाउनु भयो । यसै कार्यक्रममा डि.डि.पि. यूकेकी फन्डरेजिङ् अफिसर म्यागी ओवेनले "पश्चिम नेपालका अपाङ्गता भएका व्यक्तिहरूको गरिबी निवारण परियोजना" ले पश्चिम जिल्लामा रहेका अपाङ्गता भएका व्यक्तिहरूको गरिबी न्यूनीकरणका लागि सहयोग गर्नुको साथै अपाङ्गता भएका व्यक्तिहरूको आय-आर्जनले उनीहरूको जीवनमा सकारात्मक परिवर्तन ल्याउन सहयोग

नेपाल अपाङ्ग मानव अधिकार केन्द्रको आयोजना र डि.डि.पि. यूके को सहयोगमा सन् २०१४ देखि सन् २०१७ सम्मको आय-आर्जन कार्यक्रम अन्तर्गत अन्तिम वर्षको जानकारी एवं समीक्षा कार्यक्रमका सहभागीहरू । **तस्विर : लोकनाथ दाहाल**

"पश्चिम नेपालका अपाङ्गता भएका व्यक्तिहरूको गरिबी निवारण परियोजना" ले अपाङ्गता भएका व्यक्तिहरूको सशक्तिकरण गर्न सहयोग गरेको बताउँदै आगामी दिनमा युवा स्वरोजगार कोषले सहकार्य गरेर काम गर्ने गरेको बताउनु भयो । उक्त कार्यक्रममा अपाङ्ग सशक्तिकरण केन्द्र सुर्खेत, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार विकासका लागि श्रोत केन्द्र (रिसेड), अपाङ्ग मानव अधिकार एवं सरोकार मञ्च नेपाल दाङ् र अपाङ्ग

पुनर्स्थापना केन्द्र, सुर्खेतका प्रतिनिधिहरूलाई कार्यक्रमका प्रमुख अतिथि एवं महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयका सह-सचिव तथा अपाङ्ग प्रवर्द्धन महाशाखा प्रमुख महेन्द्र कुमार थापा र डि.डि.पि. यूकेकी फन्डरेजिङ् अफिसर म्यागी ओवेनले मायाको चिनोको साथै कदर प्रमाण पत्र प्रदान गर्नु भएको थियो । त्यसै गरि कार्यक्रमका प्रमुख अतिथि एवं महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयका सह-सचिव तथा अपाङ्ग प्रवर्द्धन महाशाखा प्रमुख महेन्द्र कुमार थापाले अपाङ्गता भएका व्यक्तिहरूको गरिबी न्यूनीकरणका लागि सरकारले सहयोग गर्नु पर्ने र आफ्नो मन्त्रालय सहयोग गर्न तयार रहेको बताउनु भयो । नेपाल अपाङ्ग मानव अधिकार केन्द्रकी अध्यक्ष तारा वदन सेडाइले यो परियोजनाले ४ जिल्लाका अपाङ्गता भएका व्यक्तिहरूको जीवनमा सकारात्मक परिवर्तन आएको बताउनु भएको थियो भने संस्थाका महासचिव जगदिश प्रसाद अधिकारीले उक्त कार्यक्रम सञ्चालन गर्नु भएको थियो । सो कार्यक्रममा "पश्चिम नेपालका अपाङ्गता भएका व्यक्तिहरूको गरिबी निवारण परियोजना" बाट लाभान्वित भएका तनहुँ, दाङ, बर्दिया र सुर्खेत जिल्लाका अपाङ्गता भएका व्यक्तिहरूसँग यो परियोजनाबाट उनीहरूको जीवनमा आएको सकारात्मक परिवर्तनको बारेमा तयार पारिएको भिडियो पनि प्रस्तुत गरिएको थियो ।

सांस्कृतिक कार्यक्रममा अपाङ्गताको सहभागिता

चैत १२ २०७३ संगिता शर्मा पोखरा

नटराज संगित कला प्रशिक्षण केन्द्र पोखरा र लामाचौर अपाङ्गता स्वावलम्बन समाजको आयोजनामा अपाङ्गता भएका व्यक्तिहरूको प्रतिभा प्रस्फुटन कार्यक्रम पोखरामा सम्पन्न भएको छ । सामाजिक जनचेतना फैलाउने उद्देश्यले आयोजित उक्त कार्यक्रममा सिर्जना बहिरा विद्यालयका छात्रा द्वय स्वर्णीमा गुरुङ्ग र मुना मगरले नृत्य प्रस्तुत गरेका थिए । उनीहरूलाई विद्यालयका शिक्षक प्रमिला र उमा श्रेष्ठले संकेत गरि नृत्यमा सहयोग गर्नु भएको थियो । उक्त कार्यक्रममा सुमन परियार, दिपशिखा श्रेष्ठ, हेलेना श्रेष्ठ, प्रतिभा पौडेल, रितिका गुरुङ्ग, विग आइकन टप श्री फाईनल लिष्ट प्रिया गुरुङ्ग, राष्ट्रिय कलाकार कुमार पुन, ववी सुनार, लालिगुँरास पुन समाज, क्यानभाष नृत्य सेन्टर, लामाचौर आमा समूह लगायतको प्रस्तुति रहेको थियो । त्यसै गरि उक्त कार्यक्रममा राष्ट्रिय अपाङ्ग महासंघ नेपाल जिल्ला कार्यसमिति कास्कीका अध्यक्ष हेम गुरुङ्गले अपाङ्गता भएका व्यक्तिहरूलाई सकारात्मक सन्देश फैलाउन जरुरी रहेको बताउनु भयो । त्यसै गरी पोखरा लेखनाथ महानगरपालिकाका प्रशासकीय प्रमुख अनन्त प्रसाद कोइरालाले समाजमा अपाङ्गता भएका

व्यक्तिहरूलाई हेर्ने दृष्टिकोण सकारात्मक हुनु पर्ने बताउनु भयो साथै उहाँले अपाङ्गता भएका व्यक्तिहरूलाई आफ्नो र महानगरपालिकाको तर्फबाट सक्दो सहयोग गर्ने बताउनू भयो । त्यसै गरी अपाङ्गता महिला सशक्तिकरणका अध्यक्ष अञ्जना के.सी ले अपाङ्गता मैत्री भौतिक संरचना नभएकोले अपाङ्गता भएका व्यक्तिहरूलाई कार्य सम्पादनमा समस्या भएको बताउनु भयो । त्यसैगरी गण्डकी बहिरा संघका अध्यक्ष जमानसिंह गुरुङ्गले बहिरा व्यक्तिहरूको लागि सबै निकायमा दोभाषेको व्यवस्था गर्नुपर्ने कुरामा जोड दिनुभयो ।

राष्ट्रिय सुस्त मनःस्थिति कल्याण संस्थामा नयाँ कार्यसमिति चयन

५ चैत २०७३, शशिबाबु पौडेल, चितवन

राष्ट्रिय सुस्त मनःस्थिति कल्याण संस्था नेपालको २१ औ वार्षिक साधारण सभा तथा सातौ अधिवेशन चितवनमा सम्पन्न भएको छ । सो साधारण सभा तथा अधिवेशनले आगामी तीन वर्षका लागि मुक्तिनाथ अधिकारीको अध्यक्षतामा ११ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ । जसमा उपाध्यक्षमा तुईलाल श्रेष्ठ, महासचिवमा लामोदर कायस्थ, सचिवमा अरुण कुमार पालिखे, कोषाध्यक्षमा अनन्तप्रसाद धौडेल, सहकोषाध्यक्षमा उर्गा देवी श्रेष्ठ चयन हुनुभएको छ भने सदस्यहरूमा ज्ञानेन्द्र श्रेष्ठ, मदन शर्मा, उषा खड्की, सूर्य बहादुर मास्के र विष्णुबहादुर श्रेष्ठ चयन हुनुभएको छ ।

विभिन्न पत्रपत्रिकामा प्रकाशित अपाङ्गता सम्बन्धी गतिविधिहरू

स्पाइनल इन्जरी : अशक्तको आधारकेन्द्र

आत्मबलले फक्रेको जीवन

दुई वर्षदेखि डोरीमा

मानसिक हिंसाको कानुनी उपचार

'मरे पनि नेपालमै मर्छु

राष्ट्रिय ह्वीलचियर बास्केटबल हुने

अपाङ्गता भएका व्यक्तिमा सकारात्मक परिवर्तन

डिप्रेसनबारे खुलेर कुरा गरौं

आफैलाई माया

कुपोषितले पाइन् उपचार

साङ्लोमुक्त भए लीलाप्रसाद

बिचल्लीमा बिलट परिवार

डिप्रेसनको कुरा गरौं !

राष्ट्रहितविपरीत काम भए सेना चुप लाग्दैन : प्रधानसेनापति

जग्गाधनी पुर्जा पाउँदा मुक्त हलिया खुसी

दृष्टिविहीन गर्छन् गिट्टी कुटेर गुजारा

होचा शिक्षकको अग्लो कद

नेत्रहीन क्रिकेट प्रशिक्षण चल्दै

सबै सन्तान मानसिक रोगी

बहुअपाङ्गता पढाउने स्कुललाई ध्यान

Inspiration porn